# नगर शिक्षा ऐन, २०८१

ड्राफट कपी

मादी नगरपालिका

संखुवा सभा

# मादी नगरपालिकाको शिक्षा ऐन,२०८१

नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालयको नगरपालिकाले नै सञ्चालन, व्यवस्थापन र नियमन गर्ने सङ्घीय संरचना अनुरूप प्रारम्भिक बाल विकाश तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अभिभावक शिक्षा, सामुदायिक सिकाइ केन्द्र, विशेष शिक्षा सम्बन्धी नीति, कानून र मापदण्ड निर्माण, शिक्षकको व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने प्रयोजनार्थ;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा१) ले दिएको अधिकार प्रयोग गरी मादी नगर कार्यपालिकाको नगर सभा अधिवेशन १२ औले नगरपालिका शिक्षा ऐन, २०७९ जारी गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** १) यो ऐनको नाम "मादी नगर शिक्षा ऐन, २०८१" रहेको छ ।

२) यो ऐन नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

क) "ऐन" भन्नाले मादी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

ख) "कार्यपालिका" भन्नाले मादी नगर कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "कोष" भन्नाले दफा १०८ बमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

घ) "नगरपालिका" भन्नाले मादी नगरपालिका सम्झनुपर्छ।

ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रूपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता विद्यालयहरूलाई जनाउँदछ ।

च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ । यसले नगरपालिकाको शाखाको अख्तियारप्राप्त कर्मचारीलाई समेत जनाउने छ ।

छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासंगोलमा बस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

ज) "आधारभूत तह उत्तीर्ण परीक्षा समिति" भन्नाले दफा ४३ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले सङ्घीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

ञ) "प्रधानाध्यापक" भन्नाले दफा ६१ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

ट) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दफा ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के.जी, मन्टेसरी आदि सम्झनु पर्छ ।

ढ) "व्यवस्थापन समिति" भन्नाले दफा ३४ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ण) "मन्त्रालय" भन्नाले नेपाल सरकारको, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

त) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

थ) "शाखा वा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग महाशाखा वा शाखा वा इकाईलाई सम्झनु पर्छ ।

द) "किताबखाना" भन्नाले सङ्घीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

ध) "आयोग" भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको शिक्षकहरूको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ

न) " शिक्षा समिति" भन्नाले दफा ३१ अनुसारको समिति सम्झनु पर्छ ।

प) "शैक्षिक गुठी" भन्नाले विद्याजय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

फ) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

ब) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

भ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

म) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

य) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा सञ्चालन गर्ने गरी दफा ५ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

र) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृत प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतलाई जनाउँछ ।

व) "स्वयंसेवक शिक्षक" भन्नाले संघ वा प्रदेश वा नगरपालिकाको स्रोतबाट त.भ. पाउने गरी नियुक्ति भइ सामुदायिक विद्यालयमा कार्यरत स्वयंसेवक शिक्षकलाई जनाउछ ।

श) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षालाई सम्झनु पर्छ ।

ष) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाएको व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले दफा ३४ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई जनाउछ ।

स) "शिक्षक छनौट समिति" भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा रिक्त दरबन्दी, राहात कोटा, अनुदान शिक्षक पदमा करार शिक्षक नियुक्ति गर्न बनेको समिति जनाउछ ।

## परिच्छेद २

## विद्यालय स्थापना तथा शिक्षाको माध्यम सम्बन्धी व्यवस्था

३. **<u>विद्यालयको स्थापना र सञ्चालनः</u>**-१) कुनै नेपाली नागरिकहरूको समुदायले सामुदायिक विद्यालय, कम्पनी वा शैक्षिक गुठी अन्तर्गतको संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई सम्बन्धित वडाको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा चार महिना अगावै राष्ट्रिय मापदण्डको अधिनमा रही अनुसूची १ बमोजिमको ढाँचामा  नगर  कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

४. **<u>विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधारः</u>**- विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

५. **<u>विद्यालय खोल्न अनुमति दिने</u>** -१) दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शाखा प्रमुखले निवेदन साथ प्राप्त कागजातहरू र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि दफा ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको बैठकमा पेस गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरूपमा सञ्चालन गर्ने अनुमति माग गरिएको हो सो का सम्बन्धमा एकिन उल्लेख हुनु पर्ने छ ।

२) उपदफा १) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिन मनासिब देखिएमा कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ । यसरी प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले विद्यालय स्वीकृति सम्बन्धमा राय सहित आवश्यक निर्णय गर्नेछ ।

३) उपदफा २) अनुसार  कार्यपालिकाको निर्णय बमोजिम शाखा प्रमुखले अनुसूचि ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

४) यसरी अनुमति दिँदा प्राथमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ र माध्यमिक  विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा दुई महिना अगावै अनुमति दिनुपर्नेछ ।

५) उपदफा २) बमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा विद्यालय नक्साङ्कनको आधारमा गर्नु पर्नेछ ।

तर

**स्पष्टीकरणः** शाखा प्रमुख भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्छ ।

६. **<u>विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देजः</u>** -विद्यालयले पालन गर्नु पर्ने सर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन् -

क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नु पर्ने,

ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,

घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री वातावरण सृजना गर्ने,

ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु ,

च) यस ऐनबमोजिम आय व्ययको लेखा राखु पर्ने,

छ) विद्यालयले गरेको लगानीको अभिलेख राखु पर्ने,

ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

झ) सामुदायिक विद्यालयमा नगर कार्यपालिकाले तोकेको सङ्ख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नु पर्नेछ,

ञ) विद्यालयमा नियमित रूपमा परियोजना कार्य सामाजिक सेवा, अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

ट) विद्यालय तथा छात्राबासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशीलता प्रबर्धन, समाजिक सद्भाव प्रवद्धर्न तथा सामाजिक विकृति बालविवाह, निरक्षरता, छाउपडी, दहेज, बोक्साबोक्सी, छुवाछुत, जातिगत उच निच, छोरी माथिको विभेद आदि ) उन्मूलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

ठ) आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

ड) नगर सभा तथा सभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने छ,

ढ) यस ऐन बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी सङ्ख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

ण) मन्त्रालय वा शाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र सकिएको १५ दिन ल भित्र शाखामा पठाउनु पर्ने,

त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरूप परीक्षण गरिएको हुनु पर्ने,

थ) विद्यालयको भवन तथा कक्षा कोठा सफा तथा सुरक्षित राख्नु पर्ने,

द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शाखामा पठाउनु पर्नेछ ।

७. **<u>विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने:</u>** -१) दफा ५ को उपदफा ३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची– ४ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन प्राप्त भएमा शाखामार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

३) उपदफा २) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा ६ बमोजिमको सर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णय सहित कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ । यसरी कार्यपालिकामा सिफारिस भएको स्वीकृत भएमा शाखाले दफा ६ बमोजिमको सर्त तथा बन्देज को अधिनमा रही त्यस्तो विद्यालयलाई अनुसूची– ५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

८. **<u>मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था:</u>** -१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया दफा ७ बमोजिम हुनेछ । यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभााषामा शिक्षा दिने, द्विभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई

बालबालिकाहरूलाई उनीहरूको मातृभाषाबाट नेपाली वा अङ्ग्रजी भाषामा सहज रूपमा लाने व्यवस्था गरिने छ । एकल वा द्विभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाइने छ । सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ ।

२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड सङ्घीय शिक्षा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्थाः</u> १) सघीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था दफा ३, ५, ७ र २० मा उल्लेख भए बमोजिम हुनेछ ।

२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची– ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः</u>

१) कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि अनुसूची– ७ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय शिक्षा अधिकृत वा निरीक्षक द्वारा त्यस्तो विद्यालयको जाँचबुझ गराई त्यसको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ ।

३) उपदफा २) बमोजिम प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदन र निवेदनसाथ प्राप्त कागजात जाँचबुझ गर्दा त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न मनासिब देखेमा शिक्षा समितिको सिफारिस साथ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

४) उपदफा ३) बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न अनुसूचि ८ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

११. **<u>विदेशी संस्थासँग सम्बन्धनः</u>** विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन ।

१२. <u>यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्थाः</u> -१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन् ।

तर यस अघि सञ्चालनमा भएका विद्यालयले शाखामा तोकेको ढाँचामा विवरण र कागजपत्र पेस गर्न पर्नेछ ।

२) उपदफा १) बमोजिम विवरण प्राप्त भए पछि शाखाले यस ऐन बमोजिम सञ्चालन गर्न सकिने नसकिने र सकिने भए गर्न पर्ने सुधारको खाका सहित प्रतिवेदन पेस गर्नेछ ।

३) प्राप्त प्रतिवेदन समेतको आधारमा शाखाले शिक्षा समिति समक्ष सञ्चालन अनुमति दिन नसकिने भए सोही बमोजिम र सर्त सहित सञ्चालन गर्न पर्ने भए सर्तको विवरण सहित पेस गर्नेछ ।

४) शिक्षा समितिको निर्णय बमोजिम शिक्षा अधिकृत ले अनुसुची ८ बमोजिमको ढाँचामा विद्यालयलाई प्रमाणपत्र दिनुपर्नेछ ।

१३. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम नगर शिक्षा विकास कोषमा धरौटीको रूपमा राख्नु पर्नेछ -

क) माध्यमिक विद्यालयको लागि दश लाख रुपैयाँ,

ख) आधारभूत विद्यालयको लागि सात लाख पचास हजार रुपैयाँ,

ग) प्राथमिक विद्यालयको लागि दुई लाख पचास हजार रुपैयाँ ।

तर,

१) दफा ९ बमोजिम विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा धरौटी राख्नु पर्ने छैन ।

२) बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा विद्यालय खोल्दा कार्यपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम धरौटी छुट दिन सकिनेछ ।

१४. **धरौटी रकम जम्मा गरिनेः** -१) विद्यालयले दफा १३ बमोजिमको धरौटी बापतको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

१५. **अनुदान सम्बन्धी व्यवस्थाः** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयको लागि सङ्घीय शिक्षा मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार हुने ।

१६. **विद्यालय गाभ्न सकिनेः** -१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ -

क) अनुसूची– २ बमोजिमको पूर्वाधार कायम नरहेको,

ख) अधिकांश कक्षामा दश जना भन्दा कम विद्यार्थी सङ्ख्या भएको,

ग) दुई वा सो भन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

घ) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी तीस मिनेटभन्दा कम रहेको,

ङ) दुई वा सो भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएको ।

२) उपदफा १) बमोजिमको आधारमा विद्यालयहरू गाभ्ने निर्णय गर्दा कार्यपालिकाले त्यस्ता विद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी यकिन गरी बढी हुन आएको शिक्षक तथा कर्मचारीको व्यवस्थापनको विषयमा समेत निर्णय गर्नु पर्नेछ ।

३) यस ऐनमा उल्लेखीत विद्यालय गाभ्ने सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधी बनाई लागु गर्न सक्नेछ । यसरी गाभिएर खाली भएको वा बन्द भएको विद्यालयमा सामुदायिक प्रयोजनका लागि पुस्तकालय, म्युजियम, संवाद स्थल, वा सीप विकास केन्द, सामुदायिक केन्द्र जस्ता संस्था बनाउन सकिने छ ।

१७. **गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापनः**- १) दफा १६ बमोजिम विद्यालय गाभिएमा गाभिने विद्यालयमा रहेको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरी आम्दानी बाँधी अभिलेख राख्नु पर्नेछ ।

१८. **विद्यालयको तह वा कक्षा घटाउन सकिनेः**- कुनै विद्यालयको सम्बन्धमा दफा १७ को अवस्था विद्यमान रहेको भए तापनि विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा शाखाको सिफारिसमा कार्यपालिकाले त्यस्तो विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ ।

१९. **विद्यालयको कक्षा थप गर्न सकिनेः** -१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै नगर कार्यपालिका वा समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन परेमा नगरपालिका वा ले थप हुने कक्षाको लागि दफा ४ बमोजिमको पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शाखामा पठाइदिनेछ । शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेस गरी समितिको सिफारिस अनुसार गाउ वा कार्यपालिकाले शैक्षिक सत्र सुरु हुनु अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ । ३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक शिक्षा प्रदान गर्ने बाहेक अन्य विद्यालयको कक्षा एघार र बाह्रको कक्षा थप र विषय थप गर्ने अनुमति मन्त्रालयबाट स्वीकृत मापदण्डका आधारमा शिक्षा समितिको निर्णानुसार दिईनेछ ।

२०. **विद्यालय स्थानान्तरणः** १) कुनै विद्यालयलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्नु पर्ने भए सम्बन्धित वडा कार्यालयको सिफारिस तथा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार नगर कार्यपालिकाको निर्णयानुसार स्थानान्तरण गर्न सक्नेछ ।

२१. **विद्यालयको सम्पत्तिः** (१) सार्वजनिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ।

(२) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ । सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसक्ने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति कार्यपालिकाको स्वीकृतिमा स्थानीय तहले अर्को कुनै सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ ।

(३) अनुमति रद्द वा बन्द गरिएको सार्वजनिक विद्यालयको सम्पत्ति तथा गाभिएको वा गाभिने सार्वजनिक विद्यालयले उपयोग गर्न नसक्ने सम्पत्ति स्थानीय तहले कार्यपालिकाको स्वीकृतिमा अन्य सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्था सञ्चालनको लागि उपयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(४) सार्वजनिक विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका विद्यालयको नाममा रहेको जग्गा बिक्री गर्न, हक हस्तान्तरण गर्न, धितो राख्न वा सट्टापट्टा गर्न पाइने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक विद्यालयको भवन, परिसर, खेल मैदानसँग जोडिएको कुनै व्यक्तिको जग्गासँग सार्वजनिक विद्यालयको जग्गा सट्टापट्टा गर्नु पर्ने भएमा कार्यपालिकाको स्वीकृतिमा सट्टापट्टा गर्न सकिनेछ ।

(६) कुनै व्यक्ति वा संस्थाले सार्वजनिक विद्यालयलाई जुन प्रयोजनको लागि जग्गा दान दिएको हो सो प्रयोजन वा विद्यालयको काममा बाहेक अन्य काममा प्रयोग गर्न वा बिक्री गर्न पाइने छैन।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयले सरकारी वा सार्वजनिक जग्गामा विद्यालयको भौतिक संरचना निर्माण गरी भोगचलन गर्दै आएको रहेछ र त्यस्तो विद्यालय अन्य स्थानमा स्थानान्तरण गर्न उपयुक्त नहुने देखिएमा स्थानीय तहको सिफारिसमा त्यस्तो जग्गा सार्वजनिक विद्यालयले भोगचलन गर्न पाउने गरी नेपाल सरकारले स्वीकृति दिन सक्नेछ ।

२२. **अनुमति रद्द गर्नेः** विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा स्थानीय तहले त्यस्तो विद्यालयको अनुमति रद्द गर्न सक्नेछ ।

तर त्यसरी अनुमति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२३. **सामुदायिक तथा संस्थागत विद्यालयले प्राप्त गर्ने दान दातव्यः** १) सामुदायिक तथा संस्थागत विद्यालयहरूले व्यक्ति, संघ संस्था, गैर सरकारी संस्था आदिबाट चन्दा, दानदातव्य लिन सक्नेछ ।

२) उपदफा १ अनुसारको चन्दा, दानदातव्य सामुदायिक विद्यालयले लिदाँ रु पाँच लाख सम्मको विद्यालय व्यवस्थापन समितिको स्वीकृतमा, १० लाख सम्मको वडा शिक्षा समितिको स्वीकृतमा, २५ लाख सम्म नगर शिक्षा समितिको स्वीकृतमा र सो भन्दा माथिको रकम भए कार्यपालिकाको स्वीकृत लिनु पर्ने छ ।

३) उपदफा १ अनुसारको चन्दा, दानदातव्य संस्थागत विद्यालयले एक लाख भन्दा कम भए विद्यालय व्यवस्थापन समितिको स्वीकृतिमा र पाँच लाख सम्म भए शिक्षा समितिको स्वीकृतमा र सो भन्दा माथि भए कार्यपालिकाको स्वीकृति लिई लिनु पर्नेछ ।

२४. **निजी लगानीका विद्यालयको स्थापना र सञ्चालनः** (१) यो ऐन प्रारम्भ भएपछि निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुनेछ ।

(२) सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भए पछि शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम शैक्षिक गुठीको रुपमा रुपान्तरण गर्नु अघि त्यस्तो संस्थागत विद्यालयले दायित्व फरफारक गर्नु पर्नेछ ।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत निजी गुठीको रुपमा सञ्चालित विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिनेछ ।

(६) उपदफा (३) र (५) बमोजिम सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरण हुने विद्यालयलाई प्रोत्साहन गर्न आवश्यक छुट तथा सुविधा दिन सकिनेछ।

(७) यस दफा बमोजिम विद्यालयको स्थापना र कक्षा थपको स्वीकृति प्रदान गर्दा स्थानीय तहले तोकिए बमोजिमको धरौटी माग गर्नु पर्नेछ ।

(८) निजी लगानीका विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **विद्यालय सञ्चालनः** विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछन् ।

२६. **माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षाको प्रकार देहायबमोजिम हुनेछ,

क. साधारण माध्यमिक शिक्षा

ख. संस्कृत माध्यमिक शिक्षा

ग. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

२७. **शिक्षाको माध्यमः** १) विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

२) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

३) भाषा विषय शिक्षण/ अध्ययपन गराउँदा सो भाषामा नै गराउनु पर्नेछ।

## परिच्छेद ३

## नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृत को काम, कर्तव्य र अधिकार

२८. <u>नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार:</u>

१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा स्थानीय शिक्षा अधिकृत लाई आवश्यक निर्देशन दिने,

ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

ग) शिक्षक सरुवाको मापदण्ड बनाई नगरपालिकामा एकरूपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्ने, आचार संहिता बनाई लागु गर्ने,

घ) शिक्षक तथा कर्मचारीहरूको नियमन तथा व्यवस्थापन साथै शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

ङ) प्रदेश तथा संघको कानुन बमोजिम हुने शिक्षा सम्बन्धी विषयहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्देशन दिने ,

च) नगरपालिका भित्रका सबै किसिमका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी वा गराई अपेक्षित गुणस्तर कायम गर्ने,

छ) विद्यालयमा आर्थिक व्यवस्थापनमा पारदर्शी तथा मितव्ययिता सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने,

ज) यस ऐनको परिधि भित्र आवश्यक क्षेत्रहरूको मापदण्ड बनाउने,

झ) शिक्षालाई व्यवहारिक, उद्यमशील र रोजगारउन्मुख बनाउने नीति निर्माण गर्ने,

ञ) शिक्षा सम्बन्धी कानून निर्माणको लागि नगर सभामा पेस गर्ने ।

ट) शिक्षा समिति वा अन्य समितिबाट आवश्यक निर्णयार्थ सिफारिस भई आएका विषयहरूलाई आवश्यक कार्बाही गर्ने,

२) उपदफा १) मा जेसुकै लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्कको प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्र छात्रालाई लागि दिईने छात्रवृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, सर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरूको छाता संगठनको समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

२९. <u>प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार:</u> ऐन तथा यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्न नगरपालिका वा को समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

ख) नगर कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

घ) कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने ,

ङ) नगरको उत्कृष्ट शैक्षिक उपलब्धिका लागि शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गर्ने र सो उपलब्धि पूर्ण रहे नरहेको निरन्तर अनुगमन गर्ने ,

च) विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

छ) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेस गर्नु पर्ने भए सो गर्ने,

३०. **<u>शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** ऐन तथा यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त  नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) नगर कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव नगरपालिकामा पेस गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेस गर्ने ,

ग) शिक्षा सम्बन्धी नगर  स्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेस गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थिति पत्र तयार गरी प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

ङ) विद्यालयको लेखा परीक्षण गराउन लेखा परीक्षक नियुक्ति गर्ने,

च) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने,

झ) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भई कार्य गर्ने,

ञ) विद्यालयको कक्षा ५ तथा ८ को  परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच गराउने , विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

ट) नगर भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरूको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

ठ) ऐन तथा यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत्  सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

ड) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा लागु गर्ने

ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा पदस्थापन गर्ने,

ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

थ) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

द) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

ध) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

न) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

प) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

फ) विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाब पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

ब) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फछ्र्यौट गर्न लगाउने,

भ) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

म) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

य) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

र) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

व) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

श) कार्यपालिकाबाट स्वीकृत मापदण्डको आधारमा शिक्षकको सरुवा तयारी गर्ने,

ष) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

स) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने ,

ह) निजी, धार्मिक तथा गुठी विद्यालयको  अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि  कार्यपालिका समक्ष सिफारिस गर्ने,

क्ष) नगर कार्यपालिका वा , राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरूबाट  निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ,

## परिच्छेद– ४

## नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

३१. **<u>नगर शिक्षा समितिः</u>** १) नगर पालिकामा  देहाय बमोजिमको एक शिक्षा समिति रहनेछः

क) नगरपालिका प्रमुख वा निजले तोकेको एक जना नगर कार्यपालिकाको सदस्य  अध्यक्ष

ख) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिकाको सदस्यहरू मध्येबाट कम्तीमा १ महिला र दलित सहित ३ जना सदस्यहरू  - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत  वा निजले तोकेको एक जना अधिकृतस्तरको कर्मचारी  -सदस्य

घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरू मध्येबाट समितिले मनोनीत गरेको एक जना प्रधानाध्यापक  - सदस्य

ङ) संस्थागत विद्यालयहरूको वि.व्य.स.मध्येबाट नगर प्रमुखले तोकेको एक जना  -  सदस्य

च) सामुदायिक विद्यालयका वि.व्य.स हरू मध्येबाट समितिले मनोनीत गरेको एक जना  -सदस्य

छ) स्थानीय बुद्धिजीवी, समाज सेवी, शिक्षा प्रेमीहरू मध्येबाट नगर प्रमुखले तोकेको एक जना - सदस्य

ज) नगर शिक्षक महासंघको अध्यक्ष - सदस्य

झ) शिक्षा अधिकृत - सदस्य– सचिव

२) शिक्षा समितिको बैठक कम्तीमा प्रत्येक ३ महिनामा एक पटक बस्नुपर्नेछ ।

३) शिक्षा समितिको बैठक भत्ता नगरपालिकाबाट प्रचलित कानुन बमोजिम हुनेछ तर एक आर्थिक वर्षमा बढीमा ९ वटा भन्दा बढी बैठकको भत्ता उपलब्ध गराईने छैन।

४) बैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

५) उपदफा (१) को हकमा समितिको अलावा समितिका कुल सदस्यको एक तिहाइ विषय विज्ञ, सम्बन्धित क्षेत्रका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा निमन्त्रणा गर्न बाधा पर्ने छैन ।

६) पदेन सदस्य बाहेकमा सदस्यहरूको पदावधि २.५ वर्षको हुनेछ ।

३२. **शिक्षा समितिको काम, कर्तव्य र अधिकार:** ऐन तथा यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) शाखाबाट पेस भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृति गर्ने

ख) नगरपालिकारमा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शाखा मार्फत पेस भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा विशेष शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

ज) विद्यालयको लेखा परीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने गराउने,

ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

ट) विद्यालय बन्द गर्नु पर्ने भए कार्यपालिकामा सिफारिस गर्ने,

ठ) शैक्षिक क्यालेन्डर बनाई विद्यालय सञ्चालन गर्न शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

ड) नगर स्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शाखालाई निर्देशन दिने,

ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

न) नगर कार्यपालिका तथा नगर सभाबाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक सहजीकरण तथा निर्देशन दिने ।

प) विद्यालयले कायम गर्नु पर्ने न्यूनतम सरसफाइ तथा शौचालयको मापदण्ड तोक्ने ।

फ) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने .

ब) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने ,

भ) नगर क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित वातावरणमा सञ्चालन गर्न सहयोग गर्ने,

म) सामुदायिक विद्यालयहरूका शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्नका लागि नियुक्ति, सरुवा, पदस्थापन, कामकाज र दरबन्दी मिलान जस्ता कार्यहरू गर्ने ।

३३. **वडा शिक्षा समितिः** १) वडा स्तरमा तेहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछ ।

क. सम्बन्धित वडाका वडाध्यक्ष -अध्यक्ष

ख. वडाध्यक्षले तोकेको वडा समितिका सदस्यहरू मध्येबाट एक जना -सदस्य

ग. वडाध्यक्षले तोकेको वडा भित्रका सेवा निवृत्त वा दश वर्ष स्थायी सेवा अनुभव भएका शिक्षकहरू मध्येबाट एक जना – सदस्य

घ. शिक्षा प्रेमी, समाज सेवी, बुद्धिजीवीहरू मध्येबाट समितिले मनोनीत गरेको एक जना - सदस्य

ङ. समितिले तोकेको वडा क्षेत्र भित्रका उच्चतम तह सञ्चालन भएका विद्यालयका प्र.अ. मध्येबाट एक जना - सदस्य सचिव

२) उपदफा १ बमोजिमको समितिका पदावधि २.५ वर्षको हुनेछ ।

३) उपदफा १ को समितिको बैठकको कार्यविधि आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था

३४. **विद्यालय व्यवस्थापन समिति रहनेः** १) यस ऐन र अन्तरगत व्यवस्था भएको समितिहरूको अधिकार क्षेत्र बाहेक विद्यालय सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका अभिभावकले स्वयम् मध्येबाट एकजना -अध्यक्ष

ख) विद्यालयका अभिभावकले स्वयम् मध्येबाट चुनेको १/ १ जना महिला र दलित सहित ३ जना -सदस्य

ग) सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको एक जना वडा प्रतिनिधि -सदस्य

घ) स्थानीय बुद्धिजीवी, चन्दा दाता, शिक्षा प्रेमी, समाज सेवीहरू मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

ङ) वरिष्ठतम शिक्षक वा शिक्षक स्टाफबाट सिफारिस शिक्षक एक जना -सदस्य

च) प्रधानाध्यापक -सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष उपदफा १ को ख, ग र घ अनुसारका सदस्यहरू मध्येबाट छनौट भएको व्यक्ति हुनेछ ।

३) विद्यालय स्तरीय बालक्लब ले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना – स्थायी आमन्त्रित

४) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

५) **राजीनामा स्वीकृत गर्नेः** व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधिहरूले राखेको दृष्टिकोण

निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विवरीतका कुनै निर्णय भएकोमा बाल प्रतिनिधिहरूलाई जिम्मेवार बनाईने छैन ।

६) **<u>अभिभावकको अभिलेख राख्ने:</u>** १) विद्यालयले शाखाले तोकिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको नाम, थर, ठेगाना उल्लेख गर्नु पर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

७) उपदफा १) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको ब्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

८) संस्थागत तथा शैक्षिक गुठी अन्तर्गतका विद्यालयको विद्यालय व्यवस्थापन समिति शिक्षा सम्बद्ध संघीय कानुन तोकिए बमोजिम हुनेछ ।

३५. **<u>व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था:</u>** १) प्रधानाध्यापकले दफा ३४ को उपदफा १) बमोजिमको व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यस दफा बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

२) उपदफा १) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित शिक्षा अधिकृत वा शाखा प्रमुखको संयोजकत्वमा प्रधानाध्यापक र सम्बन्धित वडाको जनप्रतिनिधि रहेको तीन सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी अन्य कार्यविधि उपदफा २ बमोजिमको समितिले आफै निर्धारण गरे अनुसारको हुनेछ ।

३६. **<u>व्यवस्थापन समितिको बैठक:</u>** १) व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य- सचिवले बोलाउनेछ ।

३) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिका एक तिहाइ सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिको सदस्य- सचिवले व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

४) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

५) व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६) व्यवस्थापन समितिको बैठकको अध्यक्षता दफा ३४ 'क' बमोजिमको अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

७) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

८) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३७. **<u>व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने:</u>** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैनः

क) गैर नेपाली नागरिक,

ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधि बाहेक) ,

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ,

ङ) सामुदायिक विद्यालयका शिक्षक तथा प्रधानाध्यापक ।

३८. <u>व्यवस्थापन समिति विघटन गर्न सक्ने:</u> देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ –

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा,

ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलङ्घन गरेमा ।

३९. <u>सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> १) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा सर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,

ङ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागी पहल गर्ने,

च) विद्यालयको स्रोतबाट ब्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

छ) नेपाल सरकारबाट स्वीकृत दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र शाखामा लेखी पठाउने,

ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी शाखालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन शाखामा पठाउने,

ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

ट) नेपाल सरकार/ प्रदेश तथा स्थानीय सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

ठ) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्ने,

ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

ण) नगरपालिका वा बाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ,

त) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

थ) नियमानुसारको स्थानीय बिदा तथा वर्षे वा हिउँदे बिदाको निर्णय गरी बिदा गर्ने/ दिने,

द) शिक्षा अधिकृत वा शिक्षा प्रशासनका कर्मचारीले विद्यालयको चेक जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टी गर्ने,

ध) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शाखा मार्फत गर्ने,

फ) वार्षिक रूपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

ब) विद्यालयको विपद्, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, सर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा समितिबाट स्वीकृत गराई लागु गर्ने,

य) स्थानीय तह, नगर शिक्षा समिति र शाखाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

र) शिक्षक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने

ल) विद्यालयको पढाई व्यवहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने, .

व) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,

श) शिक्षकको कार्यसम्पादन सन्तोषजनक भए नभएको यकिन गरी करार सम्झौताको म्याद नियमानुसार थप गर्ने ।

२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४०. <u>**शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्थाः**</u> १) प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

२) व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराई सो समितिको संयोजक, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

३) स्रोत कक्षा सञ्चालित विद्यालयमा उपदफा २) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विद्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

४) उपदफा २) र ३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

५) उपदफा २) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) उपदफा २) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

ख) यस ऐन बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने ।

७) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

## परिच्छेद ६

## पाठ्यक्रम तथा परीक्षा सञ्चालन र समन्वय

४१. **<u>पाठ्यक्रम र पाठ्यसामाग्रीः</u>** १) विद्यालयहरूमा पठन पाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२) पाठ्य सामाग्रीको समयमै सहज उपलब्धताको सुनिश्चित गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाइ लागु गर्नेछ ।

३) पाठ्यक्रम, पाठ्यपुस्तक, र पाठ्य सामग्रीमा सुधार तथा नयाँ पाठ्यक्रमको निर्माण गर्न आवश्यक देखिएमा शाखाको प्रतिवेदनको आधारमा शिक्षा समितिले कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाको बहुमत सदस्यको निर्णयले मन्त्रालयमा अनुरोध गर्ने ।

४) स्थानीय पाठ्यक्रमः नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा स्थानीय विषयवस्तु र क्षेत्र समेटि स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न सक्नेछ ।

तर, यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भएतापनि स्थानीय तहले निर्माण गरेको स्थानीय पाठ्यक्रम कार्यपालिका निर्णय गरी लागु गर्न सक्ने छ ।

४२. **<u>नगर शिक्षा समन्वय तथा निर्देशन समितिः</u>** १) नगरपालिकाको विद्यालयहरूमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

क) शिक्षा समितिको प्रमुख – प्रमुख

ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) सामाजिक विकास समिति संयोजक – सदस्य

घ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख – सदस्य

ङ) शाखा प्रमुख – सदस्य सचिव

२) समन्वय तथा निर्देशन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३) स्थानीय तहको क्षेत्राधिकार भन्दा बाहिरको विद्यालय तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायबाट भएको निर्देशन बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ ।

५) उपदफा ३ र ४ बाहेकको कक्षाहरूको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा विद्यालयले गर्नेछ ।

४३. **आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन सम्बन्धमा:** १) आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को वार्षिक परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ

२) आधारभूत तह उत्तीर्ण परीक्षा शान्त, मर्यादित र तोकिएको मापदण्ड बमोजिम परीक्षा सञ्चालनको लागि देहायको समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख. कक्षा १-८ वा सो भन्दा माथिसम्म सञ्चालन भएका विद्यालयका प्र.अ.हरू मध्येबाट समितिले मनोनीत गरेको २ जना प्र.अ. -सदस्य

ग. शिक्षा अधिकृत -सदस्य

घ. शिक्षा प्रशासन वा परीक्षासँग सम्बन्धित विषयमा कम्तीमा १० वर्ष अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट नगर शिक्षा समितिका अध्यक्षले तोकेको एक जना -सदस्य

ङ. प्राविधिक सहायक(शिक्षा प्रशासन) वा अधिकृत छैटौं - सदस्य सचिव

४४. आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन समितिको काम कर्तव्य र अधिकारः १) आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

४५. **संस्थागत विद्यालयले परीक्षा शुल्क बापतको रकम जम्मा गर्नु पर्नेः** १) दफा ४३ को उपदफा १ बमोजिम परीक्षा गर्दा शिक्षा समितिले तोके बमोजिमको शुल्क सम्बन्धित संस्थागत विद्यालयले स्थानीय संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

२) संस्थागत विद्यालयले तोकिएको रजिस्ट्रेसन, परीक्षा तथा प्रमाणपत्र बापतको विद्यार्थीहरूबाट लिएको शुल्क परीक्षा सञ्चालन गर्ने निकायको खातामा जम्मा गरी त्यसको जानकारी समेत दिनु पर्नेछ ।

४६. **अन्य विशेष शिक्षा सम्बन्धी व्यवस्था:** अनौपचारिक शिक्षा, दुर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमको सञ्चालन कार्यपालिकाले मन्त्रालयबाट भएको व्यवस्थासँग तादम्यता कायम हुने गरी आवश्यक कार्यविधि बनाई गर्नेछ ।

४७. **शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था:** १) नगर सभाले वार्षिक रूपमा नगर भित्र शैक्षिक गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिनेछ ।गुणस्तर मापन गर्दा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको खाका र पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम प्रारूपलाई मूल आधार मान्नु पर्नेछ ।

२) नगर सभाले आफू मध्येबाट एक जना सदस्यको संयोजकत्वमा ३ देखि बढिमा ५ सदस्यिय समिति शैक्षिक गुणस्तर मापन गर्न लगाई सोको प्रतिवेदन बार्षिक रूपमा सभा समक्ष पेस गर्नु गर्नु पर्नेछ ।

३) उपदफा २) बमोजिम तोकिएको सदस्यले प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृतसँग समन्वय गरी गुणस्तर मापन र प्रतिवेदन तयार गर्नेछ ।

४) गुणस्तर मापन र प्रतिवेदन तयारीको विधि र ढाँचा उपदफा २ बमोजिम तोकिएको सदस्य आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५) गुणस्तर मापन र प्रतिवेदन शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा दुई महिना अगाडी पेस भई सक्नु पर्नेछ ।

## परिच्छेद– ७

## प्रारम्भिक बाल शिक्षा तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

४८. **<u>प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापनाः</u>** १) कुनै व्यक्ति वा संस्थाले प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची– ९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न नगर कार्यपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा आवश्यक सर्त तोकी अनुसूची– १० बमोजिमको ढाँचामा अनुमति दिन वडा सचिवले वडा समिति समक्ष पेस गर्नेछ ।

तर स्थानीय तहलाई आर्थिक दायित्व पर्ने गरी यस्तो केन्द्र खोलिने भएमा कार्यपालिकाको अनुमति लिनु पर्नेछ ।

३) उपदफा २) बमोजिम पेस हुन आएमा वडा समितिको निर्णयमा वडा सचिवले अनुमति दिनेछ ।

४) कुनै संस्थाले उपदफा २) बमोजिम तोकिएको सर्त अनुरूप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा वडा प्रमुखले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

४९. **<u>प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारः</u>** प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछः

क) फराकिलो, खुला र सुरक्षित भवन भएको,

ख) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र भवन भएको

ग) बाल उद्यानको व्यवस्था भएको,

घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

ङ) शौचालयको राम्रो व्यवस्था भएको,

च) बाल बालिकाको हेरचाह गर्ने आयाको व्यवस्था भएको ।

५०. **<u>पाठ्यक्रम प्रयोग गर्नु पर्नेः</u>** प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

५१. **<u>सामुदायिक सिकाइ केन्द्रः</u>** नगरपालिकाको समुदायमा साक्षरता सीप विकास निरन्तर सिकाइ समेतको काम गर्न सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

सामुदायिक सिकाइ केन्द्र सञ्चालन समितिः सामुदायिक सिकाई केन्द्रको सञ्चालन समिति देहाय बमोजिम हुनेछ ।

क। सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

ख। सिकाई केन्द्र सञ्चालन भएको वडा भित्रका प्र.अ. हरू मध्येबाट एक जना -सदस्य

ग। स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी, शिक्षा सेवाबाट सेवा निवृत्त व्यक्तित्व समाजसेवी मध्येबाट समितिले मनोनीत गरेको एक जना महिला सहित २ जना - सदस्य

घ। सिकाई केन्द्र सञ्चालनमा रहेको वडा भित्र बसोबास गर्ने आदिवासी जनजाति दलित पिछडिएको वर्ग वा सीमान्तकृत समुदायबाट प्रतिनिधित्व गर्ने १ जना महिला सहित २ जना -सदस्य

ङ। नगरपालिकाको शाखा प्रमुख -सदस्य

च। सामुदायिक सिकाई केन्द्रलाई चन्दा दाता, दानदातव्य प्रदान गर्नेहरू मध्येबाट वडाध्यक्षले तोकेको १ जना -सदस्य

छ। सामुदायिक सिकाई केन्द्रको परिचालक -सदस्य सचिव

२. सामुदायिक सिकाई केन्द्रको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३. परिचालक नियुक्ति सामुदायिक सिकाई केन्द्रको परिचालक रिक्त हुन गएमा सञ्चालक समितिको अध्यक्षले शिक्षा अधिकृत बाहेकमा तोकेको सदस्यले सचिव भई रिक्त भएको १५ दिन भित्र शाखामा रिक्त भएको जानकारी सहित विज्ञापनको प्रक्रिया अघि बढाउन लेखी पठाउनु पर्नेछ ।

४. विज्ञापनको प्रक्रिया विज्ञापनको अनुमति दिदा लेखिए बमोजिम हुनेछ ।

५. विज्ञापनको म्याद समाप्त भएको मितिले १५ दिन भित्र रिक्त परिचालन पदमा परिचालक नियुक्तिका लागि देहाय बमोजिमको समितिले सिफारिस गर्नु पर्नेछ ।

क. सामुदायिक सिकाइ केन्द्रको सञ्चालन समितिको अध्यक्ष - संयोजक

ख. कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको माथिल्लो तहमा अध्यापनरत प्र.अ. तथा शिक्षकहरू मध्येबाट नगर प्रमुखले तोकेको १ जना -सदस्य

ग. नगर शिक्षा अधिकृत - सदस्य

घ. शाखामा कार्यरत कर्मचारी -सदस्य सचिव

६. परिचालक नियुक्तिको कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

७. परिचालकको उमेद्वार महिला मात्र हुन सक्नेछ ।

८. परिचालकको योग्यता तोकिए बमोजिम हुनेछ ।

९. परिचालक नियुक्तिको खर्च नगरपालिकाबाट नियमानुसारको कर कट्टी गरी भुक्तानी लिन वा दिन सकिनेछ ।

## परिच्छेद– ८

## विद्यार्थी सङ्ख्या, भर्ना र कक्षा चढाउने तथा विद्यालय सञ्चालन व्यवस्था

५२. **विद्यार्थी संख्याः** १) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया न्यूनतम २०, अधिकतम ४५ र औसत ३० हुनु पर्नेछ ।

२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया न्यूनतम १५, अधिकतम ३५ र औसत २५ हुनु पर्नेछ ।

३) उपदफा १) वा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी सङ्ख्या शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

४) कुनै कक्षामा उपदफा १) मा लेखिए भन्दा बढी विद्यार्थी भएमा विद्यालयले व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ ।

५) उपदफा (४) बमोजिम कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

५३. **भर्ना सम्बन्धी व्यवस्थाः** १) विद्यार्थीले विद्यालयमा भर्ना हुनको लागि देहाय बमोजिमको प्रमाणपत्र पेस गर्नु पर्नेछः

क) कक्षा नौ मा भर्ना हुनको लागि आधारभूत तहको अन्तिम परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

ख) कक्षा एघारमा भर्ना हुनको लागि कक्षा दशको परीक्षामा उत्तीर्ण गरेको प्रमाणपत्र,

ग) कक्षा एकमा बाहेक अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले लिने वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र ।

२) विद्यालयले शैक्षिक सत्रको बीचमा वा वार्षिक परीक्षा उत्तीर्ण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन ।

३) विद्यालयको एक तहमा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन ।

४) विद्यार्थीले पहिलो पटक विद्यालयमा भर्ना हुन आउँदा साधारणतया आफ्नो अभिभावकलाई साथमा लिई आउनु पर्नेछ ।

५) विद्यालयले विद्यार्थी भर्ना गर्दा निःशुल्क शिक्षाको प्रयोजनको लागि अभिभावकको नाम, ठेगाना समेतका विवरण माग गरी राखु पर्नेछ ।

६) पाँच वर्ष उमेर पूरा नभएकालाई एक कक्षामा भर्ना र सोह्र वर्ष उमेर पूरा नभएकालाई माध्यमिक तह उत्तीर्ण परीक्षामा समावेश गरिने छैन ।

५४. <u>विद्यालयमा भर्ना नभई अध्ययन गर्ने व्यक्तिको परीक्षा सम्बन्धी व्यवस्थाः</u> १) शाखाले विद्यालयमा भर्ना नभई निजी रूपमा अध्ययन गरेको व्यक्तिलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा आठसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि भर्ना गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिम परीक्षा दिन चाहने व्यक्तिले शाखाले तोकेको विद्यालय र समयमा सो कार्यालयले तोकेको शुल्क बुझाई परीक्षा फाराम भर्नु पर्नेछ ।

३) उपदफा १) बमोजिम परीक्षा दिन चाहने व्यक्तिले जुन कक्षाको वार्षिक परीक्षा दिन चाहेको हो सो भन्दा दुई कक्षा तलसम्मको विद्यालयबाट लिइएको वार्षिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

४) माथि जे सुकै लेखिएता पनि खुला वा वैकल्पिक विद्यालयमा पढेका विद्यार्थीको परीक्षा सम्बन्धी व्यवस्था सङ्घीय शिक्षा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

५५. <u>स्थानान्तरण प्रमाणपत्र सम्बन्धी व्यवस्थाः</u> १) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिस सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा दश र बाह्रमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिइने छैन ।

तर देहायका अवस्थामा शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र स्थानान्तरण भई आउने विद्यालयको सिफारिसमा शाखाको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछः

क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी रहेछ र निजको अन्यत्र सरुवा भएमा,

ख) अभिभावकले बसाई सराई गरेको सिफारिस प्राप्त भएमा

ग) विद्यार्थी विरामी भएको कारणले सोही स्थानमा राख्न नहुने भनी प्रचलित कानून बमोजिम स्वीकृत चिकित्सकले सिफारिस गरेमा, वा

घ) अन्य कुनै मनासिब कारणले विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा।

३) उपदफा १) बमोजिम निवेदन पर्न आएमा प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा शिक्षा समितिले तोके बमोजिमको शुल्क लिई सात दिनभित्र स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

४) प्रधानाध्यापकले उपदफा ३) बमोजिमको अवधिभित्र स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धित विद्यार्थीले स्थानीय शिक्षा अधिकृत समक्ष उजुरी दिन सक्नेछ र त्यसरी उजुरी पर्न आएमा शिक्षा अधिकृतले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उपयुक्त देखेमा प्रधानाध्यापकलाई यथाशीघ्र स्थानान्तरण प्रमाणपत्र दिन निर्देशन दिनेछ ।

५) सक्कल स्थानान्तरण प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले प्रतिलिपिको लागि त्यसको ब्यहोरा खुलाई सम्बन्धित विद्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी पर्न आएको निवेदन मनासिब देखिएमा प्रधानाध्यापकले निवेदकलाई स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

६) विद्यालयले कुनै विद्यार्थीलाई आफूले अध्यापन नगराएको कक्षाको स्थानान्तरण प्रमाणपत्र दिएमा त्यस्तो प्रमाणपत्र दिने प्रधानाध्यापकलाई कानून बमोजिम कारबाही गरिनेछ र त्यसरी दिएको स्थानान्तरण प्रमाणपत्र रद्द हुनेछ ।

७) संस्थागत विद्यालयको हकमा विद्यार्थीले जुन महिनामा स्थानान्तरण प्रमाणपत्र मागेको छ सो महिनासम्मको मासिक पढाई शुल्क र अन्य दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ । विद्यार्थीले लामो बिदा वार्षिक जाडो वा गर्मीको बिदा) को अघिल्लो महिनामा स्थानान्तरण प्रमाणपत्र माग्न आएमा सो बिदाको शुल्क र अरू दस्तुर सोही विद्यालयमा बुझाउनु पर्नेछ ।

८) विद्यालयले विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिँदा सो प्रमाणपत्र पाउने विद्यार्थी वा निजको अभिभावकको रीतपूर्वक भरपाई गराउनु पर्नेछ ।

५६. **स्तर वृद्धिको लागि भर्ना हुन चाहने विद्यार्थीलाई भर्ना गर्नु पर्नेः** कक्षा दश र कक्षा बाह्रमा स्तर वृद्धि गर्ने उद्देश्यले विद्यार्थी पुनः सोही विद्यालय र कक्षामा अध्ययन गर्न आएमा विद्यालयले त्यस्तो विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ ।

५७. **वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्थाः** कुनै विद्यार्थी विरामी परी वा निजको काबु बाहिरको परिस्थितिको कारण निजले वार्षिक परीक्षा दिन नसकेको सम्बन्धमा निजको अभिभावकले त्यसको प्रमाण सहित निवेदन दिएमा प्रधानाध्यापकले सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदनको ब्यहोरा मनासिब देखिएमा विद्यालयमा भएको अभिलेखबाट त्यस्तो विद्यार्थीले अन्य परीक्षामा राम्रो गरेको देखेमा आवश्यकता अनुसार मुख्य मुख्य विषयको परीक्षा लिई सो विद्यार्थीलाई कक्षा चढाउन सक्नेछ ।

तर,

१) शैक्षिक सत्र सुरु भएको एक महिना पछि कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

२) कक्षा नौ र एघारमा कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

५८. **कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्थाः** असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गर्ने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ ।

तर कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन ।

५९. **शैक्षिक सत्र, भर्ना गर्ने समय र काम गर्ने दिनः** १) विद्यालयको शैक्षिक सत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएता पनि हिमाली क्षेत्रमा स्थानीय तहको कार्यपालिकाले फागुन एक गते देखि माघ मसान्त सम्मको शैक्षिक सत्र तोक्न सक्नेछ ।

३) उपदफा १) र २) मा जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र श्रावण महिनाबाट सुरु हुनेछ । तर, नेपाल सरकारको निर्णय अनुरूप कक्षा ११ र १२ को शैक्षिक सत्र नेपालभर एकै समयमा लागु हुने अवस्थामा सोही बमोजिम गर्न बाधा पर्ने छैन ।

४) विद्यालयले शैक्षिक सत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

५) उपदफा ४) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

६) कुनै पनि विद्यालयले शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु गराउनु हुदैन ।

तर कक्षा एकको उमेर समूह भन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न बाधा पर्ने छैन ।

७) विद्यालयको एक शैक्षिक सत्रमा काम गर्ने दिन अध्यापन समय कम्तीमा दुई सय बीस दिन हुनेछ ।

८) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा अठार र शिक्षकले हप्तामा कम्तीमा छब्बिस कक्षा अध्यापन गराउनु पर्नेछ ।

९) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी सङ्ख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।

तर कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरू एकै समय (सिफ्ट) मा सञ्चालन गर्नु पर्नेछ ।

६०. **<u>विद्यालय विदा सम्वन्धमाः</u>** १) एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी बढीमा पैंतालिस दिन विद्यालय विदा दिन सकिनेछ ।

२) व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिन सक्नेछ । तर यसरी बिदा दिँदा नगर कार्यपालिकाको क्यालेन्डरमा उल्लेख भएको स्थानीय विदालाइ समेत गणना गर्न पर्नेछ ।

३) यस दफामा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

४) अन्य बिदा संघीय कानुन अनुसार हुनेछ ।

## परिच्छेद– ९

## प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा सरुवा सम्बन्धी व्यवस्था

६१. **<u>प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः</u>** १) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२) उपदफा १ पदमा नियुक्ति गर्दा सोहि विद्यालयमा कार्यरत योग्यता वा मापदण्ड पुगेका शिक्षकहरू मध्येबाट प्रतिस्पर्धा गराई प्रधानाध्यापक पदमा नियुक्ति गरिनेछ ।

३) आधारभूत तहको कक्षा पाँचसम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको, आधारभूत तहको अन्य विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, विद्यालयमा कम्तीमा पाँच वर्ष स्थायी शिक्षकको रूपमा शिक्षण अनुभव भएको, सङ्घीय ऐन तथा सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम शिक्षक बन्ने योग्यता भएको तथा विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेको व्यक्तिलाई शिक्षा समितिको निर्णय बमोजिम पाँच वर्षको लागि शिक्षा अधिकृतले सामुदायिक विद्यालयको प्रधानाध्यापकको पदमा नियुक्ति गर्नेछ ।

तर, उपदफा (२) मा जे सुकै लेखिएको भए तापनि प्रधानाध्यापक नियुक्ति गर्दा विद्यालयको सबैभन्दा माथिल्लो तहको दरबन्दीमा कार्यरत वरिष्ठ शिक्षकलाई प्रधानाध्यापकको रूपमा नियुक्ति गर्नुपर्नेछ । माध्यमिक तहको विद्यालयमा माध्यमिक श्रेणीको शिक्षकलाई नै प्रधानाध्यापक नियुक्ति गर्नुपर्नेछ । माध्यमिक तहको शिक्षक उक्त विद्यालयमा उपलब्ध नभएमा निम्न माध्यमिक तहको दरबन्दीको वरिष्ठ शिक्षकलाई मात्र विद्यालय

व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्तिको सिफारिस गर्न सक्नेछ । तर, नियुक्ति भएपश्चात माध्यमिक तहको शिक्षकको पदपूर्ति भएमा कार्यकाल पूरा गर्न बाधा पर्ने छैन ।

४) उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले अनुसूची– ११ बमोजिमको ढाँचामा विद्यालय विकासको प्रस्ताव लिई सोही आधारमा शिक्षा अधिकृतसँग पञ्चवर्षीय कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

५) एउटै सामुदायिक विद्यालयमा लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति प्रधानाध्यापक हुन सक्ने छैन ।

६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले जुनसुकै बखत हटाउन सक्नेछः—

क) निजको आचरण खराब रहेमा,

ख) ऐन तथा यस ऐन विपरीतको कुनै काम गरेमा,

ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

घ) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेमा ,

७) सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा नगरपालिकाको शाखा प्रमुखले त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिवेदन लिनेछ र त्यस्तो प्रतिवेदनबाट प्रधानाध्यापकलाई हटाउनु पर्ने देखिएमा पदबाट हटाउन नगर कार्यपालिका समक्ष राय सहित पेस गर्नु पर्नेछ ।

८) उपदफा ६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

९) बहालबाला शिक्षकमध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा ५) को खण्ड क) वा ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस ऐन बमोजिम विभागीय कारबाही समेत गरिनेछ ।

१०) सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये माथिल्लो श्रेणीका वरिष्ठ स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको वरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

ख) खण्ड क) को आधारमा वरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीको स्थायी नियुक्ति मितिको आधारमा,

ग) खण्ड क) र ख) को आधारमा वरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीको अस्थायी नियुक्ति मितिको आधारमा,

घ) खण्ड क), ख) र ग) को आधारमा पनि वरिष्ठता नछुट्टिएमा खण्ड क) को सिफारिसको योग्यताक्रमको आधारमा,

तर खुला, कार्यक्षमता मूल्याङ्कन, आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता, आन्तरिक प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइनेछ ।

११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाको बखत कार्यरत प्रधानाध्यापक उपदफा २) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभएसम्म त्यस्तो पदमा कायमै रहन सक्नेछ ।

६२. **<u>प्रधानाध्यापक छनौट समितिः</u>** १) दफा ६१ बमोजिमको प्रधानाध्यापक छनौट समिति देहाय बमोजिम हुनेछः

क। प्रमुख प्रशासकीय अधिकृत संयोजक

ख। नगर शिक्षा समितिबाट मनोनीत २ जना विज्ञ सदस्य

ग। शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा निजले तोकेको अधिकृत सदस्य

घ। शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

२) दफा ६२ को समितिले कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

३) सामुदायिक विद्यालयको प्रधानाध्यापक पदको छनौटको पाठ्यक्रम अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

६३. **<u>प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः</u>** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

ङ) विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरबाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख स्थानीय शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन स्थानीय शाखा तथा व्यवस्थापन समितिमा पेस गर्ने,

ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा स्थानीय शाखामा सिफारिस गर्ने,

ण) नगर कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्त गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरूको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेस गर्ने,

द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,

ध) विद्यालयको प्रभावकारी सञ्चालनको लागी वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध– वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय शाखामा पठाउने,

फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने,

ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरबाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

य) विद्यालयमा दफा बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गर्न शाखामा पठाउने,

ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

व) शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने, गराउने,

श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयद्वारा निर्धारित ढाँचा र समय भित्र निरीक्षकद्वारा प्रमाणित गराई स्थानीय शाखामा पठाउने,

ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेस गर्ने,

स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने ।

त्र) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ . यसका लागि ः

१) अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

३) शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापकप्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि नगरपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धिका लागि शिक्षकहरूसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ,

४. विद्यालयको भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा, विशेष आवश्यकता भएका तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई कार्यपालिका मार्फत छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ,

५. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्धनात्मक कार्य गर्ने ।

६४. **सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** आधारभूत तह (१-८), माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पऱ्याउन विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिले सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

६५. **विद्यालय सहयोगी सम्बन्धी व्यवस्थाः** १) विद्यालय व्यवस्थापन समितिले स्वीकृत दरबन्दीको अधीनमा रही विद्यालय सहयोगीको न्यूनतम पारिश्रमिक तोकी करार सम्झौता गरी सेवा करारबाट कार्य सम्पादन गराउनु पर्नेछ ।

२) न्यूनतम पारिश्रमिक नतोकिएसम्म संघीय सरकारले तोकिए बमोजिम हुने छ ।

६६. **करार शिक्षक तथा कर्मचारी छनौट समितिः** १) सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - संयोजक

ख) शिक्षा अधिकृत वा निजले तोकेको प्रतिनिधि -सदस्य

ग) विषयगत विज्ञहरूको सूचीबाट सम्बन्धित विषयको विषय विज्ञहरू मध्येबाट शाखाको समन्वयमा विद्यालय व्यवस्थापन समितिले तोकेको २ जना - सदस्य

घ) प्रधानाध्यापक -सदस्य-सचिव

२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय नगरपालिकामा रहनेछ ।

३) आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ । यस दफामा जे सुकै लेखिएको भएता पनि समितिमा बढिमा १ जनासम्म आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न बाधा पर्ने छैन ।

४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५) उपदफा १ बमोजिमको समितिले नियमानुसारको सेवा सुविधा प्राप्त गर्न बाधा पुग्ने छैन ।

६७. **करारमा शिक्षक नियुक्ति सम्बन्धी प्रकृयाः** १) स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिको निर्णय गरी शाखामा विज्ञापन माग गर्नु पर्नेछ ।

२) उपदफा १) बमोजिमको विज्ञापन गरी आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित गरेको सूची सूचीकृत व्यक्तिहरू मध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३) उपदफा १) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

४) उपदफा २) वा ३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शाखाबाट दरबन्दी रिक्त रहेको ब्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५) उपदफा ३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । साथै सो सूचना वडा कार्यालय नगरपालिकाको कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस गरी टाँस गरिएको मुचुल्का गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ .

६) उपदफा ३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेस गर्नु पर्नेछ ।

७) विद्यालयले यस दफा बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शाखालाई दिनु पर्नेछ र शाखाले सोको अभिलेखीकरण गर्नु पर्नेछ ।

८) उपदफा २) वा ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पदपूर्ति नभएमा व्यवस्थापन समितिले एक पटकको लागि मात्र अधिकतम एक वर्षका लागि करारको म्याद थप गर्न सक्नेछ ।

९) उपदफा ८) बमोजिम करार थप गरिएको जानकारी विद्यालयले नगर शाखालाई दिनु पर्नेछ ।

१०) यस दफा बमोजिमको प्रक्रिया नपुर्‍याई शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

११) कुनै विद्यालयको विज्ञान गणित, विज्ञान, गणित विषयमा ३ पटकसम्म पनि विज्ञापन गर्दा कसैले पनि उमेद्वार नदिएमा शैक्षिक योग्यता पुगेको र अध्यापन अनुमति पत्र नभएको उमेद्वार बढीमा एक शैक्षिक सत्रका लागि नियुक्त गर्न बाधा पुग्ने छैन ।

६८. <u>**दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुने:**</u> १) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको  वा दरबन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

२) अनुसूची–१२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

३) उपदफा १) वा २) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ  ।

६९. <u>**स्वयंसेवक शिक्षक:**</u> १) मादी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूमा शिक्षक अभाव परिपूर्ति गर्न स्वयंसेवक शिक्षकहरू रहेका छन्।

२) नगरपालिकाको आफ्नै आन्तरिक स्रोतबाट बेहोर्ने गरी नगर शिक्षा समितिको निर्णय बमोजिम स्वयंसेवक शिक्षक कोटा (सङ्ख्या) निर्धारण गरिनेछ। कोटा निर्धारण गर्दा तहगत र विषयगत आधारमा विद्यालयगत कोटा यकिन गरिनेछ। नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा स्वयंसेवक शिक्षक कोटा सङ्ख्या वितरण गर्दा बमोजिमका आधारमा गरिनेछ

विद्यालयहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्या एवं शिक्षक सङ्ख्याका आधारमा रहेको तथा सहज ढंगले पठनपाठन नभएको यकिन गरी कोटा निर्धारण गरिनेछ

क. कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक विद्यालयहरूमा कक्षागत रूपमा २० जना विद्यार्थी भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ। तर माथिल्लो तहमा तोकिएभन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यामान शिक्षक सङ्ख्याले कक्षागत रूपमा शिक्षक नपुग एवं शिक्षक नपुग भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ।

ख. सेवा क्षेत्रको जनसङ्ख्या र विद्यार्थी सङ्ख्या न्यून भएमा एवं भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराइने छैन

ग. विद्यालयमा आवश्यक तहगत एवं विषयगत शिक्षक सङ्ख्या र नगरपालिकाको स्वयंसेवक शिक्षक व्यवस्थापन शीर्षकमा विनियोजन भएको आन्तरिक स्रोतका आधारमा चाहिने कुल स्वयंसेवक शिक्षक सङ्ख्या यकिन गरी निर्धारण गरिनेछ।

घ. विद्यालयगत रूपमा वितरण गरिने कोटा अनुसार स्वयंसेवक शिक्षक खटिँदा समेत सहज रूपमा विद्यालय सञ्चालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको तथा विद्यार्थी सङ्ख्या ज्यादै न्यून भएको ब्यहोरा नगरपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन वा वडा कार्यालयको सिफारिसबाट देखिएमा प्रभाव मूल्याङ्कन गरी नगर शिक्षा समितिले स्वयंसेवक शिक्षक कोटालाई मिलान गर्न सक्नेछ।

३) <u>**स्वयंसेवक शिक्षक छनौट समितिको गठनः**</u> नगरपालिकाले निर्धारण गरेको स्वयंसेवक शिक्षकको छनोट समिति देहाय बमोजिमको हुनेछ

क प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृत स्तर कर्मचारी संयोजकले तोकेको एक जना -सदस्य

ग सूचीकृत विषय विज्ञहरू मध्येबाट नगर प्रमुखले तोकेको सम्बन्धित विषयका विषय विज्ञहरू दुईजना -सदस्य

घ शाखा प्रमुख -सदस्य सचिव

४) तहगत र विषयगत आवश्यकताका आधारमा करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि सूचीकृत गरेका विषयगत विशेषज्ञहरूको सूचीबाट विषय विज्ञ छनोट गर्नुपर्नेछ।

५) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ

६) <u>**स्वयंसेवक शिक्षकको विज्ञापन प्रकाशन प्रतियोगिता सञ्चालन र सिफारिसः**</u>

क. स्वयंसेवक शिक्षक पद रिक्त भएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले रिक्त भएको १५ दिनभित्र शाखामा जानकारी गराउनुपर्नेछ।

ख. रिक्त भएको स्वयंसेवक शिक्षक पदको विज्ञापन नगरपालिका स्वयंले गर्नेछ।

ग. रिक्त भएको स्वयंसेवक शिक्षक पदमा सिफारिसका लागि उम्मेदवार हुन चाहने इच्छुक आवेदकले तोकिएको मितिभित्र रिटपूर्वक ढंगले नगरपालिकामा आवेदन दिनुपर्नेछ

घ. स्वयंसेवक शिक्षक पदको नियुक्तिको प्रक्रिया र पाठ्यक्रम शिक्षक सेवा आयोग नियमावलीमा भएको व्यवस्था अनुसार नै हुनेछ

ङ. माथि जुनसुकै कुरा उल्लेख गरेता पनि स्वयंसेवक शिक्षक पदको उम्मेदवार हुनको लागि अध्यापन अनुमतिपत्र अनिवार्य हुने छैन।

च. स्वयंसेवक शिक्षकको तलब भत्ता नगरपालिकाले तोकिए बमोजिम हुनेछ

छ. स्वयंसेवक शिक्षकले एक महिना बराबरको चाड पर्व खर्च स्वरूप चाडपर्व खर्च पाउनेछ। साथै पोसाक भत्ता पनि पाउनेछ।

ज. स्वयंसेवक शिक्षकले बिदा अन्य दरबन्दी वा राहत कोटामा कार्यरत शिक्षक सरह प्राप्त गर्न सक्नेछ तर त्यस्ता विधा सञ्चित हुने छैनन्।

झ. स्वयंसेवक शिक्षकको आचारसंहिता सामुदायिक विद्यालयका शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता नै लागु हुनेछन्।

ञ. स्वयंसेवक शिक्षकको आवेदन दिन इच्छुक उम्मेदवारहरूले देहाय बमोजिमको शुल्क बुझाई आवेदन फारममा अनिवार्य समावेश गर्नुपर्नेछ।

I. आधारभूत तह तह १ -५ भए रु ५००

II. आधारभूत तह ६-८ भए रु ७००

III. माध्यमिक तह ९-१० भए रु १०००

IV. माध्यमिक तह ११-१२ भए रु १२००

७०. **विषय परिवर्तनः** १) विद्यालयको आवश्यकताको आधारमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा तहगत रूपमा विषय दोहोरो नहुने गरी शाखाले आवश्यक निर्णय गरी विषय परिवर्तन गर्न सक्नेछ। कुनै विद्यालयको विषयगत दरबन्दी परिवर्तन भएमा सोको जानकारी शिक्षा विकास तथा समन्वय एकाइ गराई अभिलेख जनाउनुपर्नेछ। आयोगमा स्थायी शिक्षक पदपूर्तिका लागि माग भई सकेको खण्डमा विषय परिवर्तन हुने छैन ।

७१. **सरुवा सम्बन्धी व्यवस्थाः** १) नगरपालिका भित्र एक सामुदायकि विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा तह, विषय र दरबन्दी मिल्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

२) स्थायी दरबन्दीमा कार्यरत शिक्षक तथा स्थायी कर्मचारीको मात्र सरुवा गरिनेछ ।

३) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको सुरुमा मात्र गरिनेछ ।

४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा पाँच वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन ।

तर कुनै विद्यालयमा कार्यरत शिक्षकलाई अन्यत्र सरुवा नगरी नहुने भएमा, शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने ब्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।

५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

६) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछः

क) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शाखा प्रमुखबाट सिफारिस भएमा,

ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

घ) उपदफा ५) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

ङ) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा नगरपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,

च) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखी रहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८) स्थायी नियुक्ति भई परीक्षणकाल समाप्त नभएको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

९) उपदफा ७) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

१०) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा सेवा गरेका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

११) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई किताबखानाले तय गरे बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शाखालाई समेत दिनु पर्नेछ ।

१२) सरुवा भएको शिक्षक वा कर्मचारीलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता बापतको रकम रमाना दिने विद्यालयले आफ्नै कोषबाट दिनु पर्नेछ ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षक वा कर्मचारीले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता बापतको रकम पाउने छैन ।

६८. **<u>अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्वन्धीः</u>** १) दफा ७१ बमोजिम र अन्तर स्थानीय तह शिक्षक सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

तर, दफा १० वा यस ऐनमा अन्यत्र जुनसुकै  कुरा लेखिएको भए तापनि सेवा करारमा रहेका शिक्षकलाई अन्तर स्थानीय तह सरुवा सहमति दिइने छैन ।

२) यस दफाको प्रयोजनको लागि शाखाले प्रत्येक ३/३ महिनामा रिक्त रहेका शिक्षकहरूको पद सङ्ख्या यकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत पदपूर्ति गर्ने निकायको तालुक निकायमा पठाउनु पर्नेछ ।

३) उपदफा १) बमोजिम अन्तरस्थानीय तह सरुवाको लागि निवेदन दिने शिक्षकलाई सरुवा भई जान चाहेको विद्यालय र सोसँग सम्बन्धित शाखा तथा आफू सेवारत विद्यालयको सरुवा सहमति प्राप्त भएमा मात्र सरुवा सहमति प्रदान गरिनेछ ।

तर ,यस ऐनमा सरुवा गर्ने मापदण्ड विवरीत हुने गरी सरुवा सहमति दिइने छैन ।

## परिच्छेद– १०

## छात्रवृत्ति, निःशुल्क शिक्षा तथा शुल्क निर्धारण सम्बन्धी व्यवस्था

७२. **<u>छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने:</u>** १) संस्थागत विद्यालयले देहाय बमोजिमका विपन्न एवं सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा कम्तीमा १० प्रतिशत बालिका अनिवार्य रूपमा समावेश गर्नुपर्नेछः

क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय– आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापी कलम जस्ता स्टेसनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको,

ख) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदबन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको, वा

ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको ,

घ) अपाङ्गता भएका बालबालिका ।

२) उपदफा १) बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

७३. **<u>नामावली सार्वजनिक गर्नुपर्ने:</u>** १) दफा ७२ बमोजिम छात्रवृत्ति उपलब्ध गराइएका बिद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु, आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी विद्यालयको वेभसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो विवरण शाखामा पठाउनु पर्नेछ ।

२) उपदफा १) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ ।

७४. **<u>बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा पठाउनु पर्ने:</u>** १) सबै अभिभावकले पाँच वर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रूपमा विद्यालय पठाउनु पर्नेछ ।

२) उपदफा १) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित शिक्षा समिति, सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

३) कुनै अभिभावकले उपदफा १) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई उत्प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

४) उपदफा ३) बमोजिम गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रूपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

७५. **<u>शुल्क सम्बन्धमा:</u>** १) सामुदायिक विद्यालयले विद्यार्थीसँग कुनै पनि शुल्क लिन पाउने छैन । तर अभिभावकबाट विद्यालयले सहयोग बापत नगद तथा जिन्सी सामग्री लिन सक्नेछ र त्यस्तो नगद तथा जिन्सी सामग्री विद्यालयले प्राप्त गरेका प्रधानाध्यापकले विद्यालयमा अभिलेख जनाउनु पर्नेछ ।

२) संस्थागत विद्यालयले निर्धारण गरे बमोजिमको शुल्क लिन पाउनेछ । संस्थागत विद्यालयको शुल्क निर्धारण समिति देहाय बमोजिमको हुनेछ,

क. शिक्षा समिति अध्यक्ष -संयोजक

ख. सामाजिक विकास समिति संयोजक -सदस्य

ख. प्रशासकीय अधिकृत -सदस्य

ग. शिक्षा अधिकृत वा शाखा प्रमुख -सदस्य सचिब

घ. संस्थागत विद्यालयका प्रधानाध्यापक तथा लगानी कर्ताहरूबाट समितिले मनोनीत गरेको दुई जना -सदस्य

ङ. शिक्षा सेवाको प्राविधिक सहायक वा अधिकृत छैटौं सदस्य सचिव

३. स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी तथा अन्य व्यक्तिहरू मध्ये २ जनासम्म आमन्त्रित सदस्यको रूपमा रहेन सक्नेछन् ।

४. शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क भन्दा बढी शुल्क लिने संस्थागत विद्यालयलाई प्रथम पटक भए बढी हुन आएको शुल्क फिर्ता वा दाखिला गर्नु पर्ने, दोस्रो पटक भए शुल्क फिर्ता वा दाखिला र २५ हजार जरिमाना साथै दोस्रो पटक भन्दा बढी भएमा शुल्क फिर्ता वा दाखिला गरी गराई विद्यालय सञ्चालनको अनुमति तथ स्वीकृत रद्द गरिनेछ ।

५. उपदफा ४ अनुसारको बढी भएको शुल्क अभिभावक फिर्ता गर्ने वा स्थानीय शिक्षा विकास कोषमा दाखिला गर्ने भन्ने निर्धारण शुल्क निर्धारण समितिको निर्णय गरे बमोजिम हुनेछ ।

६. शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क भन्दा बढी लिएको भनी उजुर परेमा स्थानीय न्यायिक समितिले आवश्यक जाँचबुझ गरी उपदफा ४ वा ५ बमोजिमको कार्वाहीका लागि उपदफा २ बमोजिमको समितिलाई सिफारिस गर्नेछ ।

## परिच्छेद– ११

## बिदा तथा काज सम्बन्धी व्यवस्था

७६. <u>शिक्षक तथा कर्मचारीले पाउने बिदाः</u> १) शिक्षक तथा कर्मचारीले देहाय बमोजिमका बिदाहरू पाउनेछः

क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

ख) पर्व बिदा वर्षभरिमा छ दिन,

ग) बिरामी बिदा वर्षभरिमा बाह्र दिन,

घ) प्रसुति बिदा प्रसुतिको अघि वा पछि गरी अन्ठानब्बे दिन,

ङ) प्रसुति स्याहार बिदा पन्ध्र दिन,

च) किरिया बिदा पन्ध्र दिन,

छ) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा तीन वर्ष,

ज) अध्ययन बिदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

झ) अन्य बिदा संघीय कानुन बमोजिम प्राप्त हुनेछ।

२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ । यस्तो बिदा सञ्चित हुने छैन ।

३) शिक्षक तथा कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो बिदा शिक्षा अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै ब्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिनसम्म थप बिरामी बिदा

पेस्कीको रूपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ । यसरी पेस्की बिदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेस्की लिएको बिदा स्वतः मिनाहा हुनेछ ।

५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

६) प्रसुति विदा अन्नठानब्बे दिन प्राप्त गर्न सक्नेछन् ।

७) कुनै पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसुति हुने भएमा त्यस्तो शिक्षक वा कर्मचारीले प्रसुतिको अघि वा पछि गरी पन्ध्र दिन प्रसुति स्याहार बिदा पाउनेछ । प्रसुति स्याहार बिदा बसेको शिक्षक वा कर्मचारीले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटकमात्र लिन पाइनेछ ।

८) प्रसुति बिदा पाएको शिक्षक वा कर्मचारीले बढीमा दुई बटा बच्चाको लागि जनही एकमुष्ट पाँचहजार रुपैयाँ पाउनेछ ।

९) कुनै शिक्षक वा कर्मचारीले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा त्यस्तो शिक्षक वा कर्मचारीको वावु आमा, बाजे बज्यै, छोरा छोरी वा विवाहित महिला शिक्षक वा कर्मचारीको सासू ससुराको मृत्यु भएमा वा पुरुष शिक्षकको हकमा निजको पत्नीको तथा महिलाको हकमा पतिको मृत्यु भएमा किरिया बिदा पाउनेछ । महिला शिक्षक वा कर्मचारीको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षक वा कर्मचारीले पनि किरिया बिदा पाउनेछ ।

१०) यस दफा बमोजिम किरिया बिदा लिने शिक्षक वा कर्मचारीले विद्यालयमा हाजिर भएको पन्ध्र दिन भित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसँगको नाता देखिने प्रमाण पेस गर्नु पर्नेछ । यस्तो प्रमाणपत्र र प्रमाण पेस नगर्ने शिक्षक वा कर्मचारीले त्यस्तो अवधिको लागि पाएको रकम निजले पाउने तलब रकमबाट कट्टा गरिनेछ ।

११) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षक वा कर्मचारीले असाधारण बिदा पाउन सक्ने छैन ।

१२) स्थायी सेवा पाँच वर्ष पुगेको शिक्षकलाई निजले अध्यापन गर्ने विषयमा एक तह माथिको उच्च अध्ययनका लागि तलब सहितको अध्ययन बिदा दिन सकिनेछ ।

१३) उच्च अध्ययनका लागि बिदा स्वीकृत गर्दा प्रत्येक शिक्षा समितिले एक आर्थिक वर्षमा आधारभूत तहको पहिलो र दोस्रो तहका लागि एक एक जना र माध्यमिक तहका लागि एक जनाको अध्ययन बिदा स्वीकृत गर्न सक्नेछ ।

१४) अध्ययन बिदा दिँदा देहायको प्रक्रिया अवलम्बन गरिनेछः–

क) अध्ययन बिदा स्वीकृतिका लागि नगरपालिका, मा सार्वजनिक रूपमा सूचना गरी इच्छुक शिक्षकको निवेदन आह्वान गर्ने,

ख) निवेदन दिने शिक्षकले आफ्नो प्रतिबद्धता पत्र, अध्ययनपछिको आफ्नो शिक्षण सिकाइको योजना र व्यवस्थापन समितिको सिफारिस पेस गर्नु पर्नेछ । त्यसरी पेस भएका प्रस्तावका आधारमा मनोनयनका लागि नाम छनौट गरी सूचना प्रकाशन गर्ने,

ग) खण्ड ख) बमोजिम मनोनयनका लागि छनौट भएका शिक्षकको नामावली उपर उजुरी गर्ने अवसर प्रदान गरिने छ । उजुरीकर्ताको उजुरीका आधारमा अन्तिम नामावली प्रकाशन गरी अध्ययनका लागि अन्तिम नाम छनौट गर्ने,

घ) अन्तिम नाम छनौटमा परेका शिक्षकलाई कबुलियत गराई अध्ययनको अवधिका लागि अध्ययन बिदा स्वीकृत गरिनेछ । यसरी अध्ययन बिदा स्वीकृत भएका शिक्षकले प्रत्येक सेमेष्टर वा वार्षिक परीक्षाको नतिजा सहितको प्रतिवेदन शाखामा पेस गर्नु पर्ने,

ङ) अध्ययन बिदा पाएका शिक्षकले आफूले कबुलियत गरे अनुसारको प्रतिवेदन शाखामा बुझाउनु पर्नेछ । अध्ययनमा सन्तोषजनक प्रगति नगर्ने शिक्षकको बिदा स्वीकृत भएको अवधि समाप्त नहुँदै रद्द गर्न सकिनेछ ।

च) बिदा रद्द भएमा त्यस्ता शिक्षकबाट अध्ययन अवधिभर पाएको तलब असुल गरिने छ ।

१४) बेतलवी बिदा देहायका अवस्थामा दिइनेछः –

क) कुनै शिक्षक वा कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा नियोगमा खटिई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलवी बिदा माग गरेमा एकै पटक वा पटक पटक गरी नोकरी अवधिभर पाँच वर्षसम्म,

ख) कुनै शिक्षक मुटु, मृगौला, क्यान्सर जस्ता कडा रोगका कारण लामो उपचारमा बस्नु पर्ने भए वा मुलुकभित्र वा बाहिर गई उपचार गराउनु पर्नै भनि मेडिकल बोर्डबाट सिफारिस भएमा कार्यपालिकाले एक पटकमा एक वर्ष र नोकरी अवधिभरमा बढीमा तीन वर्षसम्म दिन सक्नेछ ।

१५) बेतलवी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

१६) भैपरी आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसुति बिदा, प्रसूति स्याहार विदा बस्ने शिक्षक तथा कर्मचारीले पूरा तलब पाउनेछ ।

१७) असाधारण र बेतलबी बिदामा बसेको शिक्षक वा कर्मचारीले तलब पाउने छैन ।

१८) यस दफा बमोजिमको असाधारण बिदा, अध्ययन बिदा र बेतलबी बिदा बाहेकका अन्य बिदाहरू अस्थायी/करार शिक्षक, राहत तथा अन्य शिक्षकले समेत पाउनेछन् ।

७७. **बिदा दिने अधिकारीः** १) प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षक वा कर्मचारीको बिदा प्रधानाध्यापकले स्वीकृत गर्नेछ ।

तर, एक पटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले र शिक्षकले प्रधानाध्यापकको स्वीकृतिमा लिन सक्नेछ । सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा शिक्षकले प्रधानाध्यापक मार्फत र प्रधानाध्यापकको भए आफैले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षक वा कर्मचारीको असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा व्यवस्थापन समितिको सिफारिसमा सङ्घीय शिक्षा ऐन अनुसार स्वीकृत हुनेछ ।

७८. **बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः** शिक्षक वा कर्मचारीले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन ।

७९. **बिदा सहुलियत मात्र हुनेः** बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ ।

८०. **काज तथा दैनिक भ्रमण भत्ताः** १) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि नगरपालिका वा नगर कार्यपालिकाको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षक वा कर्मचारीले सोही आदेशमा तोकेको अवधिसम्मको लागि काज पाउने छ ।

२) विद्यालयको कामको लागि शिक्षक वा कर्मचारीले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको लिखित अनुमति लिई बढीमा एक हप्तासम्म काजमा जान सक्नेछ ।

३) कुनै शिक्षकलाई विद्यालयको पठनपाठनलाई सहजीकरण गर्न वा अन्य व्यवस्थापनका लागि काजमा सरुवा गर्नु परेमा पदाधिकार रहेको विद्यालयबाटै जेष्ठता कायम हुने गरी काजमा सरुवा गर्न सकिनेछ ।

८१. <u>यस परिच्छेदको व्यवस्था लागु नहुने:</u> यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयको शिक्षक र आफ्नै स्रोतबाट ब्यहोर्ने गरी सामुदायिक विद्यालयमा नियुक्त शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागु हुने छैन । त्यस्ता शिक्षकले विद्यालयद्वारा तोके बमोजिम बिदाको सुविधा पाउने छन् ।

## परिच्छेद-१२

## सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय

८२. <u>चेतावनी दिन सकिने:</u> शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित शिक्षकको व्यक्तिगत विवरण रहेका फाइलमा राखेछः-

(क) समय पालना नगरेमा,

(ख) मन्त्रालय, प्रदेश सरकार, मन्त्रालय अन्तर्गतका निकाय र स्थानीय तहले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) परीक्षा र पठनपाठन सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा,

(ङ) विद्यार्थीलाई बालमैत्री, शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा,

(च) आफ्नो कर्म जवाफदेहीपूर्वक नगरेमा ।

८३. <u>सजायः</u> उचित र पर्याप्त कारण भएमा शिक्षकलाई विभागीय सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा शिक्षक सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

८४. <u>नसिहत दिने:</u> देहायको कुनै अवस्था भएमा शिक्षकलाई नसिहत दिन सकिनेछः-

(क) निजको अध्यापन सम्बन्धी काम सन्तोषजनक नभएमा,

(ख) पूर्वस्वीकृति नलिई पटक पटक विद्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(घ) सामाजिक परीक्षणको प्रतिवेदनबाट विद्यार्थीको सिकाइ सम्बन्धी काममा जिम्मेवार नदेखिएमा,

(ङ) दफा ८४ बमोजिम चेतावनी पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको चेतावनी पाएमा ।

८५. <u>बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने:</u> (१) देहायको कुनै अवस्थामा शिक्षकलाई बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिनेछः-

(क) अध्यापन गर्ने कार्य जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) विद्यार्थीको पीर मर्का र गुनासो पटक पटक बेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानीय तहले दिएको निर्देशन पालना नगरेमा.

(घ) यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(ङ) अध्ययन अध्यापनमा जानाजान लापरवाही तथा ढिलासुस्ती गरी विद्यार्थीको

सिकाइमा हानि पुर्‍याएमा, (च) बढुवाको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेस गरेको प्रमाणित भएमा,

(छ) विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा,

(ज) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(झ) दफा ८४ बमोजिम नसिहत पाएको शिक्षकले सोही पदमा रहँदा पुनः सोही दफा बमोजिम नसिहत पाएमा।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकको तलबवृद्धि वा वढुवा रोक्का भएकोमा कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राखु पर्नेछ ।

८६. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने:</u>** (१) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा विद्यालय शिक्षक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) अध्यापन जिम्मेवारी परा गर्न नसकेमा.

(ख) परीक्षामा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, परीक्षा सञ्चालनमा अमर्यादित काम गर्ने वा गराउने, उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने तथा नतिजा प्रकाशनमा अमर्यादित कार्य गरेमा,

(ग) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म कार्यरत विद्यालयमा अनुपस्थित रहेमा,

(च) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालीम वा अध्ययन भ्रमणमा गएकोमा त्यस्तो अध्ययन, तालीम वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(छ) असाधारण वा अध्ययन बिदा भुक्तान भएको पन्ध्र दिनभित्र विद्यालयमा हाजिर हुन नआएमा,

(ज) तोकिएको अधिकारीको स्वीकृति नलिइ विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(झ) बहुविवाह गरेमा,

(ञ) दफा ८५ बमोजिमको सजाय पाएको शिक्षकले पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा,

(ट) यस ऐनमा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष वा सोभन्दा बढी कैदको सजाय भएमा।

(२) देहायको कुनै अवस्थामा शिक्षकलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

८७. **विभागीय सजाय गर्ने अधिकारी र सजाय दिने प्रक्रिया:** (१) शिक्षकलाई विभागीय सजायको आदेश दिने अधिकार देहाय बमोजिमका अधिकारीलाई हुनेछः-

(क) दफा ८४ बमोजिमको नसिहत सम्बन्धी सजाय गर्दा शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समिति,

(ख) दफा ८५ बमोजिम बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत,

(ग) दफा ८६ बमोजिम शिक्षकलाई सेवाबाट हटाउन वा बर्खास्त गर्न नियुक्त गर्ने अधिकारी सक्नेछ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम सजाय दिने अधिकारीले शिक्षकलाई सजाय दिनु अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई निजलाई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाइको मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित शिक्षकले सो म्यादभित्र
उपदफा (३) बमोजिमको आरोपको तथ्य र प्रमाणको आधारमा आफ्नो सफाइ पेस गर्नु पर्नेछ ।

(५) सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाइ सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ प्राप्त नभई त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको सजाय प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ ।

(६) यस ऐन बमोजिम विशेष सजाय गर्नु पर्ने भएमा उपदफा (५) बमोजिम आयोगको परामर्श
लिनु अघि उपदफा (२) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित शिक्षकले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई दिन लागिएको प्रस्तावित सजाय समेत खुलाई सो सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्नेछ ।

८८. **गयलकट्टी गर्नु पर्ने:** (१) बिदा स्वीकृत नगराई आफ्नो विद्यालयमा अनुपस्थित हुने शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिले दफा ८५ र ८६ को अधीनमा रही गयल र तलबकट्टी गर्नु पर्नेछ र यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(२) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण स्थानीय तह, शिक्षा विभाग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतमा पठाउनु पर्नेछ ।

८९. **निलम्बन गर्ने:** (१) कुनै शिक्षकको सम्बन्धमा कुनै अभियोगको जाँचवुझ गर्नु परेमा जाँचवुझ समाप्त नहुन्जेलसम्म उक्त शिक्षकलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर निलम्बन नगरी विद्यालयमा उपस्थित हुन दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको प्रमाण गायब गर्न सक्ने वा निलम्बन नगरी विद्यालयमा काम गर्न दिँदा विद्यालय वा विद्यार्थीलाई हानि नोक्सानी हुन सक्ने सम्भावना नभई साधारणतया निलम्बन गरिने छैन।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षकलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन र सो अवधिभित्रै निजउपरको कारबाही किनारा लगाउनु पर्नेछ।

तर कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) कुनै फौजदारी कसूरमा न्यायिक हिरासतमा रहेको शिक्षक त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको सालिनेछ ।

(४) कुनै शिक्षकको विरुद्ध भ्रष्टाचार, जासुसी, जालसाजी, किर्ते, ठगी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक स्वतः निलम्बन भएको मानिनेछ ।

९०. **<u>निलम्बनको समाप्तिः</u>** (१) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ८९ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, विद्यालय शिक्षक सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय शिक्षकलाई सेवाबाट हटाइएकोमा वा बर्खास्त गरिएकोमा बाहेक निलम्बन समाप्त भएपछि त्यस्तो शिक्षकको पुनः बहाली हुनेछ।

९१. **<u>पुनः बहाली हुन सक्नेः</u>** विभागीय सजाय भई हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

९२. **<u>नोकरी नथामिनेः</u>** कुनै शिक्षकले दफा ८३ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा दफा ९१ बमोजिम अदालतको आदेशबाट सेवामा पुनः बहाली हुने भएमा सो निर्णयको जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

## परिच्छेद– १३

## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

९३. **<u>विद्यालयको चिन्हः</u>** विद्यालयको चिन्ह षट्कोणको हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

९४. **<u>विद्यालयको नामाकरणः</u>** १) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ .

तर यो दफा प्रारम्भ हुनु भन्दा अगावै यस दफा विवरीत नामाकरण भै सकेका विद्यालयको हकमा यो ऐन जारी भए पछिको एक वर्ष भित्र पुनःनामाकरण गरी नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

२) कुनै संस्थागत विद्यालयले आफ्नो नाममा पब्लिक शब्द जोड्न चाहेमा कम्तीमा एक तिहाइ विद्यार्थी पूर्ण छात्रवृत्तिमा अध्ययनरत रहेको हुनुपर्नेछ । कुनै संस्थागत विद्यालयले आफ्नो नाममा "नेसनल" शब्द जोड्न चाहेमा नेपालको कम्तीमा १० जिल्लाका विद्यार्थी अध्ययनरत रहेको हुनुपर्नेछ र कुनै संस्थागत विद्यालयले

आफ्नो नाममा "इन्टरनेशनल" शब्द जोड्न चाहेमा कम्तीमा एक तिहाइ सङ्ख्यामा विदेशी विद्यार्थी हुनुपर्नेछ ।

विद्यालयको नामको अन्तमा "विद्यालय" , "स्कूल" वा "पाठशाला" शब्द जोडिएको हुनुपर्नेछ ।

तर यो उपदफा लागु हुनु अगावै यस दफा विपरीतका शब्दहरू जोडिई नामाकरण भएको विद्यालयको हकमा यो दफा आकर्षित हुने छैन ।

३) प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति पाएको सामुदायिक विद्यालयले आफ्नो विद्यालयको नामको पछाडि कोष्ठकमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालय भनी थप गर्न सक्नेछ ।

४) उपदफा १ मा जे सुकै उल्लेख गरेता पनि देहाय बमोजिमको रकम वा घर जग्गा वा दानदातव्य वा चन्दा स्वरूप विद्यालयलाई प्रदान गरी व्यक्ति तथा संस्थाको नाममा विद्यालयको नामाकरण गर्न सकिने छ ।

क. आधारभूत तह १-५ तह भए रु ३० लाख, आधारभूत तह १-८ भए ५० लाख, माध्यमिक तह १-१० भए ७० लाख र १-१२ सम्म सञ्चालित विद्यालय भए १ करोड बराबरको घर जग्गा वा चन्दा वा दानदातव्य

ख. दुई वा दुई भन्दा बढी व्यक्तिको नाममा विद्यालयको नामाकरण गर्नु परेमा माथि उल्लेखित रकममा थप रु क्रमसः दश, प्रन्ध, र माध्यमिक विद्यालयका लागि रु बीस लाखका दरले प्रतिव्यक्ति थप गर्नु पर्नेछ ।

५) पहिल्यै नामाकरण भईसकेको विद्यालयको नामसँग जोडेर विद्यालयको नामाकरण गर्न चाहने व्यक्तिले उपदफा ४) बमोजिमको रकम वा सो बराबरको घर वा जग्गा विद्यालयलाई सहयोग गरी पहिलेको नाम पछाडि आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ ।

६) एउटै परिवार वा छुट्टाछुट्टै परिवारका एकभन्दा बढी व्यक्तिले उपदफा ४) बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई प्रदान गरेमा त्यस्ता व्यक्तिहरूको निर्णयबाट बढीमा दुई जनासम्मको नामबाट विद्यालयको नामाकरण गर्न र अन्य व्यक्तिको नाम विद्यालयमा देखिने गरी राख्न सकिनेछ ।

७) कुनै व्यक्तिले कक्षा कोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामबाट नामाकरण गर्न सकिनेछ ।

८) यस दफा बमोजिम विद्यालयको नामाकरण कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

९५. **राष्ट्रिय गान गाउनु पर्नेः** विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनु पर्नेछ ।

९६. **झण्डोत्तोलन गर्नु पर्नेः** विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ ।

९७. **विद्यार्थीको पोसाकः** विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानी सुहाउँदो पोसाक तोक्न सक्नेछ । विद्यालयले पोसाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

## परिच्छेद– १४

## विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था

९८. **विद्यालयको सम्पत्तिको सुरक्षाः** १) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

२) सामुदायिक विद्यालयको नाममा रहेको उपदफा १ बमोजिमको सम्पत्तिको विवरण शाखामा पठाउनु पर्नेछ र सो को लगत संकलन तथा अद्यावधिक गर्ने जिम्मेवारी शाखाको रहनेछ ।

३) सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको अद्यावधिक विवरण शाखाले वार्षिक रूपमा सार्वजनिक गर्नेछ ।

९९. <u>विद्यालय सम्पत्ति संरक्षण सम्वन्धमा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>

क) विद्यालयको नाममा प्राप्त भई दर्ता हुन बाँकी रहेको जग्गा दर्ता गर्ने व्यवस्था मिलाउने

ख) विद्यालयको नाममा रहेको सम्पत्तिलाई अधिकतम फाइदा हुने काममा प्रयोग गर्न व्यवस्थापन समितिलाई निर्देशन दिने,

ग) विद्यालयको नाममा रहेको जग्गाको आम्दानी असुल उपर गर्ने व्यवस्था मिलाउने,

घ) विद्यालयको सम्पत्ति कसैबाट हानी– नोक्सानी हुन गएमा सो भराउने व्यवस्था गर्ने,

ङ) विद्यालयको विकास गर्ने काममा बाहेक विद्यालयको नाममा दर्ता भएका जग्गा वा अन्य सम्पत्ति बेचबिखन वा स्वामित्व हस्तान्तरण गर्न नदिने,

च) विद्यालयको जग्गा संरक्षण गर्न व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई सहयोग गर्ने ।

१००. <u>विद्यालयको नामको जग्गा बिक्री गर्न वा धितो राख्न नहुनेः</u> १) विद्यालयको नामको जग्गा बिक्री वा धितो राख्न पाइने छैन ।

१०१. <u>विद्यालयको नामको जग्गा सट्टापट्टा गर्न नहुनेः</u> १) विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्न पाइने छैन ।

१०२. <u>विद्यालयको नाममा सम्पत्ति राख्नु पर्नेः</u> १) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिस्ट्रेसन पारित गर्नु पर्नेछ ।

२) कम्पनीको रूपमा सञ्चालित संस्थागत विद्यालयले विद्यालयको अचल सम्पत्ति कम्पनीको स्वामित्वमा राख्नु पर्नेछ ।

१०३. <u>निजी शैक्षिक गुठी अन्तर्गत गरिएको लगानी हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्थाः</u> निजी शैक्षिक गुठी वा त्यस्ता गुठीका सञ्चालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा विद्यालय सञ्चालनमा बाधा नपर्ने गरी आफ्नो उत्तराधिकारीको रूपमा नियुक्त गरेको गुठियारलाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ ।

१०४. <u>मिनाहा दिन सक्नेः</u> प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थितिले गर्दा सामुदायिक विद्यालयको सम्पत्ति हानी नोक्सानी हुन गएको प्रमाणित हुन आएमा बीस हजार रुपैयाँसम्मको भए प्रधानाध्यापकको सिफारिसमा व्यवस्थापन समितिले, पचास हजार रुपैयाँसम्मको भए व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले, एक लाख रुपैयाँसम्मको भए नगर प्रमुखले मिनाहा दिन सक्नेछ । सोभन्दा बढी रकम मिनाहा दिनु परेमा नगर र कार्यपालिकाको सिफारिसमा नगरसभा तथा सभाले मिनाहा दिन सक्नेछ ।

## परिच्छेद १५

## विद्यालयलाई दिइने अनुदान, शुल्क निर्धारण तथा अन्य व्यवस्था

१०५. <u>विद्यालयलाई अनुदान दिनेः</u>१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागी प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

२) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँट गरिने छ .

क) विद्यालयको विद्यार्थी सङ्ख्या,

ख) विद्यालयको शिक्षक सङ्ख्या,

ग) विद्यालयको परीक्षाको परिणाम,

घ) विद्यालयको आर्थिक अवस्था ।

ङ) विद्यालयले पुरा गर्नु पर्ने न्यूनतम पूर्वाधारहरू

३) अनुमति प्राप्त सामुदायिक विद्यालयले दरबन्दी प्राप्त नगर्ने सर्तमा र स्वीकृत प्राप्त सामुदायिक विद्यालयले आफूलाई प्राप्त सबै शिक्षक दरबन्दी शाखामा फिर्ता गरी शिक्षक लगायत विद्यालय व्यवस्थापनका सम्पूर्ण पक्षहरू आफैले गर्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदान एकमुष्ट लिन चाहेमा तोकिएको सर्त भित्र विद्यालय सञ्चालन गर्ने गरी एकमुष्ट अनुदान पाउन सकिने व्यवस्था गर्न सकिनेछ ।

५) विद्यालयको पूर्वाधार विकास गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाले सर्त तोकी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयलाई समेत अनुदान दिन सक्नेछ ।

१०६. **सम्बन्धित काममा खर्च गर्नु पर्ने:** विद्यालयलाई प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नु पर्नेछ । खर्च हुन नसकेको रकमको बारेमा शाखालाई जानकारी गराउनु पर्नेछ ।

१०७. **स्थानीय स्रोतबाट रकमको व्यवस्था गर्नु पर्ने:** १) विद्यालयले विद्यालयको भवन, फर्निचर र अन्य कार्यको लागि स्थानीय स्रोतबाट समेत रकमको व्यवस्था गर्न सकिनेछ ।

२) उपदफा १) बमोजिम स्थानीय स्रोतबाट भवन निर्माणको लागि रकम नपुग्ने भएमा नगर कार्यपालिकाले जन सहयोगलाई प्रोत्साहन गर्ने गरी सामुदायिक विद्यालयलाई आवश्यक रकम अनुदान दिन सक्नेछ ।

३) संस्थागत विद्यालयले उपदफा १) बमोजिमको कार्यको लागि विद्यार्थीबाट सहयोगको नाममा शुल्क उठाउन पाउने छैन ।

## परिच्छेद– १६

## विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था

१०८. **विद्यालय सञ्चालन संचित कोषको सञ्चालन:** १) प्रत्येक विद्यालयमा विद्यालयको सम्पूर्ण आम्दानीहरू जम्मा गर्ने गरी एक विद्यालय सञ्चालन कोष रहनेछ ।

२) विद्यालयले सञ्चालन कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

३) विद्यालय सञ्चालन कोषको सञ्चालन एक मात्र शिक्षक दरबन्दी भएको अवस्थामा व्यवस्थापन समितिको अध्यक्ष वा सोही समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ ।

४) उपदफा ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक विद्यालय सञ्चालन कोषको सञ्चालन प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

५) विद्यालय सञ्चालन कोषको हिसाब किताब लेखा राख्ने, बेरुजु फछ्र्यौट गर्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने कर्मचारीको हुनेछ ।

६) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय सञ्चालन कोषको रकम शाखाले तोकिएको नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

७) विद्यालयको सम्पूर्ण खर्च विद्यालय सञ्चालन कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

१०९. **बजेट तयार गर्ने:** १) दफा १०८ मा जेसुकै लेखिए पनि प्रधानाध्यापकले प्रत्येक वर्ष चैत्र मसान्त भित्र आगामी शैक्षिक वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शाखामा समयमा पठाउनु पर्नेछ ।

११०. **विद्यालयको आय व्ययको लेखा:** १) विद्यालयको आय व्ययको लेखा तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

२) विद्यालयको आय व्ययको लेखा, बिल, भरपाई लगायत आवश्यक कागजात राख्ने कामको प्रमुख जिम्मेवारी प्रधानाध्यापकको र विद्यालयको लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको हुनेछ ।

३) उपदफा २) बमोजिम कागज प्रमाणित गराई राख्ने, राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

४) उपदफा १) बमोजिमको आय व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिति थाहा हुने गरी मालसामानहरूको खरिद बिक्री र विद्यालयको नगदी, जिन्सी, जायजेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रूपले खोलेको हुनु पर्नेछ ।

५) विद्यालयको नगदी, जिन्सी, जायजेथामा कुनै किसिमको हिनामिना, हानी-नोक्सानी वा लापर्बाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ ।

६) प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्न जिम्मेवारी तोकिएको शिक्षक वा कर्मचारीले विद्यालयको आय व्ययको प्रतिवेदन शाखाले तोकेको अवधि भित्र मासिक वा त्रैमासिक रूपमा सो शाखामा पठाउनु पर्नेछ ।

१११. **लेखा परीक्षण गराउने:** १) सामुदायिक तथा संस्थागत विद्यालय र सामुदायिक सिकाइ केन्द्रले प्रत्येक आर्थिक वर्षको हिसाब लेखा परीक्षण व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले नगरपालिकाबाट नियुक्त दर्तावाला लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

२) लेखा परीक्षणको सिलसिलामा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनुपर्नेछ र निजले कैफियत गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ ।

३) विद्यालयको आय व्ययको लेखा नगर पालिकाको शाखामा कार्यरत कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा खटी आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापक, लेखाको जिम्मेवारी प्राप्त शिक्षक वा कर्मचारीको कर्तव्य हुनेछ ।

४) यस दफा बमोजिम लेखा परीक्षकले विद्यालयको लेखा परीक्षण गर्ने सिलसिलामा अन्य कुराका अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ ।

५) यस ऐन बमोजिम विद्यालयसँग स्वार्थ रहेको व्यक्तिले वा विद्यालय व्यवस्थापनका अध्यक्ष, सदस्य तथा प्रधानाध्यापकको नजिकको नातेदारले विद्यालयको लेखा परीक्षण गर्न पाउने छैन ।

६) लेखा परीक्षणको क्रममा नियुक्त लेखा परीक्षकको तोकिए बमोजिकमको शुल्क वा परिश्रमिक उपदफा १ अनुसारको संस्थाबाट लिन पाउने छ ।

११२. **प्रतिवेदन पेस गर्नु पर्ने:** १) लेखा परीक्षकले विद्यालयको लेखा परीक्षण गरी सकेपछि देहायका कुराहरू खुलाई सो सम्बन्धी प्रतिवेदन तयार गरी व्यवस्थापन समिति र शाखामा एक-एक प्रति पठाउनु पर्नेछः–

क) सोधिएका र कैफियत तलब भएका कुराको जवाफ यथाशीघ्र भए नभएको,

ख) पेस भएको आय व्ययको हिसाब रितपूर्वक भए नभएको,

ग) आय व्ययको स्रेस्ता कानून बमोजिम राखे नराखेको,

घ) विद्यालयको आय व्ययको लेखा यथार्थ रूपमा देखिने गरी वासलात दुरुस्त भए नभएको,

ङ) कुनै शिक्षक वा कर्मचारीले कानून विपरीत कामकाज वा बेहिसाब गरे नगरेको,

च) विद्यालयको कारोबार सन्तोषप्रद भए नभएको,

छ) विद्यालयलाई जुन कामका लागि निकासा भएको हो सोही प्रयोजनमा खर्च लेखे नलेखेको,

ज) विद्यालयको सम्पत्ति दुरुपयोग गरे, नगरेको

झ) लेखा परीक्षकले मनासिब र आवश्यक सम्झेको अन्य कुरा ।

११३. **विद्यालयको कामको सामाजिक परीक्षण गर्नेः** सामुदायिक विद्यालयले आफ्नो कामको सामाजिक परीक्षण गर्नपर्नेछ ।

२) सामाजिक परीक्षण समिति सङ्घीय कानुनले तोके बमोजिम हुनेछ ।

११४. **बरबुझारथ गर्नेः** १) विद्यालयको नगदी, जिन्सी मालसामानको लगत, स्रेस्ता राख्ने जिम्मा लिएको शिक्षक वा कर्मचारी सरुवा वा अन्य कारणबाट विद्यालय छोडी जाने भएमा आफ्नो जिम्मा रहेको नगदी, जिन्सी माल सामानको बरबुझारथ सामान्यतया २१ दिनभित्र विद्यालयमा गर्नु पर्नेछ ।

२) उपदफा १) बमोजिम बरबुझारथ नगर्ने शिक्षक तथा कर्मचारीलाई बरबुझारथ नगरेसम्म सरुवा भएको विद्यालयमा जान रमाना पत्र दिइने छैन । साथै निजले कुनै रकम वा मालसमान हिनामिना गरेको रहेछ भने सो बापतको रकम निजले पाउने जुनसुकै रकमबाट असुल उपर वा सोधभर्ना गरिनेछ ।

११५. शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा सङ्घीय कानून अनुसार हुनेछ ।

११६. शिक्षक तथा कर्मचारीका निवृत्तिभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था सङ्घीय कानून अनुसार हुनेछ ।

११७. शिक्षक तथा कर्मचारीका अवकाश सम्बन्धी व्यवस्था सङ्घीय कानून अनुसार हुनेछ ।

११८. शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था सङ्घीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

११९. विद्यालयको वर्गीकरण सङ्घीय कानूनले तोकेको मापदण्ड अनुसार हुनेछ ।

१२०. विद्यालय शुल्क सम्बन्धी व्यवस्था सङ्घीय कानूनले बनाएको मापदण्ड अनुसार हुनेछ ।

## परिच्छेद– १७

## विविध

१२१. **शिक्षक तथा शिक्षा क्षेत्र सम्बद्ध जनशक्तीको तालिमः** १) तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था संघ र प्रदेशले व्यवस्था गरे अनुरूप हुनेछ ।

तर यस दफाले नगर पालिकाका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तालिम दिन बाधा पर्ने छैन ।

१२२. **अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्थाः** १) विद्यालयहरूले शिक्षा समितिले निर्धारण गरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

३) अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धी थप व्यवस्था शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४) विद्यालयले उपदफा १ र २) बमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरूलाई भाग लिन लगाउनु पर्नेछ –

क) चित्रकला, मूर्तिकला र हस्तकला प्रतियोगिता,

ख) वाद्यवादन तथा संगित प्रतियोगिता,

ग) नृत्य प्रतियोगिता ,

घ) नाटक प्रतियोगिता,

ङ) वक्तृत्व कला प्रतियोगिता,

च) हाजिरी जवाफ प्रतियोगिता,

छ) हिज्जे प्रतियोगिता,

ज) खेलकुद प्रतियोगिता,

झ) साहित्यिक गतिविधि, कथा, कविता र निबन्ध प्रतियोगिता,

ञ) फूलबारी र कृषि सम्बन्धी  प्रतियोगिता,

ट) सृजनात्मक तथा अन्वेषणात्मक र विज्ञानका प्रयोगात्मक प्रतियोगिता

ठ) अन्य प्रतियोगिता,

५) विद्यालयले प्रत्येक शुक्रवारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।

१२३. **<u>जिम्मेवार रहने:</u>** १) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार र जवाफदेही हुनेछ , यसका लागि उनले अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्नेछन ।

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि शाखाले विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नु सक्नेछ ।

३) शिक्षक एवं कर्मचारी  प्रधानाध्यापकप्रति जिम्मेवार र जवाफदेही हुनेछन । निजहरू गुणस्तरीय शिक्षाका लागि नगर वा , शिक्षा समिति र शिक्षा अधिकृत वा शाखा प्रमुखले प्रचलित कानून बमोजिम दिएका निर्देशन पालना गर्नु पर्नेछ । अपेक्षित शैक्षिक उपलब्धिका लागि प्रधानाध्यापक शिक्षकसँग कार्यसम्पादन करार गर्नु सक्नेछ ।

४). शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्न  नगर कार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रूपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा तथा अतिविपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई  विद्यालयमा ल्याउनु  नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।

५) विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने  दायित्व प्रधानाध्यापक र शिक्षकहरूको हुनेछ ।

६) कुनै अभिभावक वा संरक्षकले विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाउन अटेर गरेमा निजलाई नगर बाट प्रदान गरिने सेवा सुविधाहरूबाट बञ्चित गर्न सकिनेछ ।

१२४. **<u>संरक्षकको भूमिका:</u>** नगरपालिका भित्र नगर प्रमुख र उपप्रमुख र वडा भित्र वडाध्यक्ष आफ्नो नगर र वडा भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रूपमा कार्य गर्नु गराउनु पर्नेछ ।

१२५. **<u>स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिता:</u>**- स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ;

क) संस्थागत विद्यालय वा निजी अन्य कुनै प्रकारका शैक्षिक संघ संस्था सञ्चालनमा संलग्नता हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ख) धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ग) राजनीतिक पार्टी वा अन्य कुनै दलगत समूहको स्वार्थमा विद्यार्थी र शैक्षिक संरचनाको प्रयोगलाई निषेधित गर्नुपर्ने ,

घ) विद्यालयको समग्र शैक्षिक गुणस्तरको अभिवृद्धिमा ध्यान दिनुपर्ने .

ङ) जनप्रतिनिधि समाजकै रोल मोडेल हुने हुँदा सार्वजनिक ठाउँहरू तथा विद्यालय वा शैक्षिक संस्थामा उपस्थित रहँदा नकारात्मक सन्देश प्रवाह हुने कुनै क्रियाकलाप नगर्न सजग रहनु पर्ने ।

१२६. <u>शिक्षक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिताः</u> शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछः–

क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्ने,

ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

ञ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हडताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,।

२) उपदफा १) बमोजिमको आचार संहिताको पालन भए नभएको अभिलेख शिक्षकहरूको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

१२७. <u>विद्यार्थीले पालन गर्नु पर्ने आचार संहिताः</u> विद्यार्थीहरूले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछः

क) शिक्षकको आज्ञापालन र आदर गर्नु पर्ने,

ख) विद्यालयमा वा बाहिर जहाँ सुकै अनुशासनमा रहनु पर्ने,

ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधैं प्रयत्नशील रहनु पर्ने,

घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनु पर्ने,

ङ) सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने,

च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने ,

१२८. **<u>विद्यालयको अनुगमनः</u>** १)सामुदायिक, संस्थागत तथा शैक्षिक गुठी अन्तरगतका विद्यालयको अनुगमन जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, नगर तथा वडा शिक्षा समिति सदस्य, शाखासँग सम्बद्ध कर्मचारीले विद्यालयको अनुगमन गरी सुझाबहरू लिखित तथा मौखिक रूपमा दिन सक्नेछ । विद्यालयहरूको अनुगमनमा खटिने व्यक्तिलाई तोकिए बमोजिमको सेवा सुविधा प्राप्त गर्न कुनै बाधा पर्ने छैन ।

१२९. **<u>शिक्षक महासंघः</u>** १)सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न एक नगर शिक्षक महासंघ रहेनछ ।

२) नगर शिक्षक महासंघको निर्वाचन नेपाल शिक्षक महासंघले तोके बमोजिम हुनेछ ।

१३०. **<u>करार सम्झौताः</u>** १) अस्थायी / करार, राहात,अनुदान, स्वयंसेवक शिक्षक तथा कर्मचारीको करार सम्झौता प्रत्येक शैक्षिक सत्रमा अनिवार्य विद्यालय व्यवस्थापन समितिले गर्नु पर्नेछ ।

२) उपदफा १ अनुसारका शिक्षकको कार्य सम्पादन सन्तोषजनक भए मात्र एक पटकमा एक शैक्षिक सत्रमा नबढ्ने गरी म्याद थप गर्न सकिनेछ ।

तर त्यस्ता दरबन्दीमा स्थायी शिक्षक खटि आएमा म्याद थप भएको भए पनि खटिको शिक्षक हाजिर भएको दिन देखि स्वत अबकास हुनेछ ।

१३१. **<u>अक्षय कोषः</u>**१) विद्यालयमा अक्षय कोषहरू रहन सक्नेछन् ।त्यस्ता अक्षय कोष व्यक्ति, संस्था आदिको नाममा खेल्न सकिनेछ ।

२) अक्षय कोषको विधान वा कार्य विधि अक्षयकोष दाता व्यक्ति तथा संस्थासँग छलफल गरी विद्यालय व्यवस्थापन समितिले निर्माण गरे बमोजिम हुनेछ तर त्यस्तो <u>विधान शिक्षा समितिले स्वीकृत गरे पश्चात मात्र लागु हुनेछ।</u>

३) अक्षय कोषको खाता सञ्चालन विद्यालयको प्र.अ. र शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछन्।

४) अक्षय कोषबाट प्राप्त ब्याजलाई विधान वा कार्य विधिमा तोकिए बमोजमका आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्न सकिनेछ ।तर त्यस्तो रकम भौतिक निर्माणमा खर्च गर्न पाइने छैन ।

१३२**<u>. खाता रोक्का सम्बन्धमाः</u>** कुनै विद्यालयको नाममा सञ्चालन भएको खाता रोक्का गरिने छैन। तर कुनै कारणले विद्यालयको निश्चित रकम रोक्का राख्नु पर्ने अवस्था सृजना भए शिक्षा अधिकृत वा शाखा प्रमुखले रकम रोक्का गर्न सक्नेछ ।

१३३. **<u>माग फारम तथा अन्य विवरण पेसः</u>** विद्यालयले तोकिए बमोजिमको आधारमा सूचनामा तोकिएको अवधि भित्र अनिवार्य माग फारम तथा अन्य विवरणहरू पेस गर्नु पर्नेछ ।

१३४. **<u>नगर शिक्षा विकास कोषः</u>** १. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहेन छ ।

२. उपदफा १ बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:

क. संघ प्रदेश तथा नगरबाट प्राप्त अनुदान

ख. दान दातव्य, चन्दा दाताहरूबाट प्राप्त रकम

ग. गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम

घ. संस्थागत विद्यालयबाट तोकिए बमोजिमको रकम

ङ. नगरपालिकाबाट उक्त शैक्षिक वर्षमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या × १०० ले हुन आउने रकम

च. अन्य स्रोतबाट प्राप्त रकम

३. उपदफा २ बमोजिमको रकम कार्यपालिकाको निर्णयानुसार शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रयोग गर्न सकिनेछ तर उक्त कोषको रकम भौतिक निर्माणमा खर्च गर्न पाईने छैन ।

४. उपदफा ३ अनुसारको खर्च गर्दा एक आ.व.मा कुल रकमको ३० प्रतिशत भन्दा बढि खर्च गर्न सकिने छैन ।

५. कुनै संघ संस्था वा गैर सरकारी संस्थाले नगर भित्र शैक्षिक तथा भौतिक विकासमा कार्य गर्न इच्छुक संस्थाको हकमा नगरपालिका र संस्था बीचमा भएको सम्झौता अनुसार नै हुनेछ ।

६. उपदफा ५ अनुसारको संस्थाले भौतिक विकासमा कार्य गर्न इच्छुक भएमा भौतिक विकास तर्फको १० प्रतिशत रकम शैक्षिक विकास तर्फ पनि अनिवार्य गर्नु पर्नेछ ।

७. संघ संस्था वा गैर सरकारी संस्थाले लगानी गरकेको विषय क्षेत्रमा शिक्षा समितिमा छलफल भएमा अनिवार्य रूपमा संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्नु पर्नेछ ।

१३५. **<u>सम्पत्ति विवरण पेस गर्ने:</u>** शिक्षक तथा कर्मचारीले प्रचलित कानुन बमोजिम तोकिएको अवधि भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा आफ्नो सम्पत्ति विवरण पेश गर्ने पर्नेछ । शाखाले त्यस्तो विवरण राष्ट्रिय किताब खानामा (शिक्षक) मा पठाउनु पर्नेछ

१३६. **<u>प्रतिवेदन पेस गर्ने:</u>** (१) नगर कार्यपालिकाले प्रत्येक वर्ष नगर सभामा देहायको विवरण सहितको प्रतिवेदन पेस गर्नु पर्नेछः-

(क) सम्बन्धित स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक तथा निजी विद्यालय र त्यस्तो विद्यालयमा अध्ययन गर्ने बालबालिकाको सङ्ख्या,

(ख) आधारभूत तहसम्म विद्यालयमा भर्ना भएका बालबालिकाको सङ्ख्या,

(ग) विद्यालयमा भर्ना भई आधारभूत तहको शिक्षा पूरा गरेका बालबालिकाको सङ्ख्या,

(घ) विद्यालयमा भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छाडेका विद्यार्थीका सङ्ख्या,

(ङ) सार्वजनिक तथा निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण,

(च) आधारभूत तथा माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको स्रोत,

छ) अन्य आवश्यक कुरा। (

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३७. **<u>ऋण लगानी सम्बन्धमा:</u>** १) विद्यालयको आम्दानी अभिभावक, शिक्षक तथा कर्मचारी लगायत अन्य जो कोहीलाई ऋण लगानी गर्न पाइने छैन।

२) यस ऐन प्रारम्भ हुनु भन्दा अघि उपदफा १ बमोजिम ऋण लगानी गरेको भए ३ महिना भित्र साँवा ब्याज असुल गरी बैङ्क मुद्दति खातामा जम्मा गर्ने पर्नेछ ।

३) यो दफा विपरित ऋण लगानी ऋणको साँवा ब्याज असुल हुन नसकेको खण्डमा प्रधानाध्यापकबाट नै असुलउपर गरिनेछ ।

१३८. **<u>नियम, निर्देशिका, कार्यविधि बनाउने अधिकारः</u>** यस ऐनको परिधि भित्र रही नियम, निर्देशिका तथा कार्यविधि निर्माण गरी लागु गर्न सकिनेछ ।

१३९. यस ऐनमा नसमेटिएका शिक्षा सम्बद्ध विषयहरू सङ्घीय कानुन बमोजिम हुनेछन्

१४०. **<u>खारेजी र बचाउः</u>** १)यो ऐन प्रारम्भ भए पश्चात् मादी नगरपालिकाको शिक्षा ऐन, २०७५ खारेज गरिएकोछ ।

२) शिक्षा ऐन, २०२८ बमोजिम भएका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१४१. अमान्य हुनेः यस ऐनको कुनै दफा संघीय ऐन तथा नियमसँग बाझिकएको हकमा सो दफा स्वत निष्कृय हुने छ ।

## अनुसूची– १

### दफा ३ सँग सम्बन्धित)

### विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्री शिक्षा अधिकृत ज्यू,
.......................... नगरपालिका,
...................................

विषयः विद्यालय खोल्ने अनुमति सम्बन्धमा ।

महोदय,

शैक्षिक सत्र .................... देखि ..................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

क) प्रस्तावित विद्यालयकोः

१. नामः

२. ठेगानाः .................. नगरपालिकार. .............. वडा नं. ............. नगररटोल

फोनः .................. फ्याक्स नं. .................................

३. किसिमः

१) सामुदायिक २) संस्थागत अ) निजी शैक्षिक गुठी आ) सार्वजनिक शैक्षिक गुठी

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाः

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः

ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार ः

१. भवनकोः

१) संख्याः २) कच्ची वा पक्की वा अर्ध पक्की

३) आफ्नै वा बहालमा वा सार्वजनिक

२. कोठाको विवरणः

| कोठाको सङ्ख्या | लम्वाई | चौडाई | उचाई | झ्याल ढोकाको अवस्था | प्रकाश वत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३. फर्निचरको संख्याः

१) डेस्क२) बेञ्च ३) टेबल ४) दराज ५) मेच ६) अन्य

४. खेलकूद मैदानको अवस्था र जग्गाः रोपनी वा विगाहामा)

५. शौचालयको सङ्ख्या ः १) छात्रले प्रयोग गर्ने २) छात्राले प्रयोग गर्ने

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्था तथा पुस्तकको संख्याः

८. प्रयोगशालाः सामग्रीः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रीको विवरणः

ग) विद्यार्थी संख्याः प्रस्तावित)

कक्षा सङ्ख्या

घ) शिक्षक संख्याः प्रस्तावित)

ङ) आर्थिक विवरणः प्रस्तावित)

१. अचल सम्पत्तिः

२. चल सम्पत्तिः

३. वार्षिक आम्दानीः

४. आम्दानीको स्रोतः

माथि लेखिएका विवरण हरू ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको–

सहीः

नामः

ठेगानाः

मितिः

संलग्न गर्नु पर्ने कागजातहरू ः

१) गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र ।

३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

४) सम्बन्धित वडासमितिको सिफारिस ।

## अनुसूची– २

## दफा ४ सँग सम्बन्धित)

विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरू

क) कक्षा कोठाहरू सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मीटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मीटर भन्दा कम हुन नहुने,

ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

घ) कक्षा कोठामा विद्यार्थी सङ्ख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनुपर्ने,

छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तै सेतोपाटी,कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनु पर्ने,

झ) सम्पूर्ण विद्यार्थीहरू एकैसाथ उभिन सक्ने मैदान हुनु पर्ने,

ञ) प्रारम्भिक वाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यता प्रतिकक्षा कम्तीमा बाईस जना देखि बढीमा चौवालीस जना सम्म र औसतमा तेत्तीस जना विद्यार्थी हुनु पर्नेछ ।

ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेः–

| | |
|---|---|
| माध्यमिक तहको ०– १० कक्षाका लागि | – १४ जना |
| माध्यमिक तहको ०– १२ कक्षाका लागि | – १६ जना |
| आधारभूत तहको ०– ८ कक्षाका लागि | – ९ जना |
| आधारभूत तहको ०– ५ कक्षाको लागि | – ४ जना |
| प्रारम्भिक बालबिकास केन्द्रको लागि | – २ जना |

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १ः१.४ हुनु पर्नेछ ।

ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने ।

ध) विद्यालयमा वालमैत्री अपाङ्गता मैत्री तथा वातावरण मैत्री हुनुपर्ने ।

**अनुसूची– ३**

**दफा ५ को उपदफा १) र ३) सँग सम्बन्धित)**

विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री............................

..........................।

विद्यालय खोल्ने सम्बन्धमा मिति..........................मा प्राप्त निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन, ॥॥ को दफा ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक सत्र ................. देखि आधारभूतर माध्यमिक तहको ............कक्षासम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएकोछ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको,-

सही ः

मिति ः

नाम ः

पद ः

**अनुसूची – ४**

**दफा ७ को उपदफा १) सँग सम्बन्धित)**

विद्यालयको स्वीकृतिको लागि दिइने निवेदन

श्री.............................

................................।

विषयः विद्यालयको स्वीकृति सम्बन्धमा ।

स्थानीय शिक्षा समितिको मिति ................. को निर्णयानुसार अनुमति पाई खोलिएको यस विद्यालयको स्वीकृति पाउन निम्न विवरणहरू खुलाई यो निवेदन गरेको छु ।

क) विद्यालयकोः

१. नामः .......... २. ठेगानाः .......... नगर पालिका महा उपमहा .......... वडा नं. ..... नगररटोल ........... फोन नं. ........ .... फ्याक्स नं. ...........

३. अनुमति प्राप्त गरेको तह र मितिः

आधारभूत तह मितिः..............

माध्यमिक तह मितिः...........

ख) विद्यालयको भौतिक अवस्थाः

१. भवनकोः

१) संख्याः २) कच्ची र पक्की र अर्धपक्की ३) आफ्नै र बहालमा र सार्वजनिक

२. कोठाको विवरणः ३. फर्निचरको संख्याः

१)डेक्स २) बेञ्च ३) टेबुल ४) दराज ५) मेच ६) अन्य

४. खेलकुद मैदानको अवस्था र जग्गा रोपनी वा विगाहामा)

५. शौचालयको संख्याः महिला/पुरुष

६. खानेपानीको अवस्थाः

७. पुस्तकालयको अवस्थाः

८. प्रयोगशालाको अवस्थाः

९.सवारी साधनको विवरणः

१०. शैक्षिक सामाग्रीको विवरणः

ग) विद्यार्थी संख्याः (कक्षागत रूपमा)

घ) शिक्षकको संख्याः

ङ) आर्थिक स्थितिः

१. अचल सम्पत्ति २. चल सम्पत्ति

३. वार्षिक आम्दानी ४. आम्दानीको स्रोत

माथि लेखिएको ब्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको–

विद्यालयको छाप

नामः

सहीः

ठेगानाः

मितिः

**अनुसूची– ५**

**दफा ७ को उपदफा ४ सँग सम्बन्धित)**

विद्यालयको स्वीकृति सम्बन्धमा

श्री.......................विद्यालय,

..........................।

त्यस विद्यालयबाट मिति................................मा विद्यालय स्वीकृत गर्ने सम्बन्धमा दिएको निवेदन उपर कारबाही हुँदा शिक्षा ऐन,...... को दफा ६ बमोजिमका सर्तहरू पालन गरेको देखिएकोले कक्षा.........देखि कक्षा.........सम्म शिक्षा प्रदान गर्न स्वीकृति प्रदान गरिएको छ ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीको,-

सहीः

नामः

पदः

मितिः

अनुसूची– ६

दफा ९ को उपदफा २) सँग सम्बन्धित)

मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार

१. प्रति कक्षा न्यूनतम ११ जना विद्यार्थी हुनु पर्ने

२. विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेल मैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था भएको हुनु पर्ने,

३. आवश्यक शिक्षकको व्यवस्था भएको हुनु पर्ने,

४. पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे बमोजिमका सिकाई उपलब्धिहरू पूरा हुने गरी विद्यालय शिक्षण सिकाई कार्यक्रमको तर्जुमा गरिएको हुनु पर्ने,

५. मन्त्रालयले तोके बमोजिम अन्य पूर्वाधार पूरा भएको हुनु पर्ने ।

अनुसूची– ७

दफा १० को उपदफा १ सँग सम्बन्धित)

कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई शैक्षिक गुठी अन्तगत सञ्चालन गर्न दिइने निवेदन

श्री  प्रमुख ज्यू

नगर कार्यपालिका को कार्यालय,

प्रदेश नं.      नेपाल ।

विषयः शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न पाउँ ।

महोदय,

मैले र हामीले निम्न विद्यालय कम्पनी अन्तर्गत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१.विद्यालयकोः

क) नामः

ख) ठेगाना.................. नगर पालिकावा  वडा नं ......................

२. विद्यालय सञ्चालन भएको मितिः

३. निजी वा सार्वजनिक कुन शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेको हो सो व्यहोराः

४. अन्य आवश्यक कुराहरुः

माथि लेखिएका विवरणहरू ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाँउला ।

निवेदककोः

सहीः                    नामः

ठेगानाः                  मितिः

निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः

१) शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न आपत्ति नभएको कम्पनी रजिष्टारको कार्यालयको पत्र ।

२) कम्पनीका सञ्चालक तथा व्यवस्थापन समितिको निर्णय ।

३) कम्पनीको प्रवन्धपत्र तथा ऐनको प्रतिलिपि ।

४) प्रस्तावित शैक्षिक गुठीको विधान ।

५) निवेदकको नागरिकताको प्रतिलिपि ।

## अनुसूची– ८

**दफा १० को उपदफा ४) सँग सम्बन्धित)**

कम्पनी अन्रतगत विद्यालयलाई सञ्चालित शैक्षिक गुठी अन्रतगत सञ्चालन गर्न दिइने स्वीकृति

श्री .....................विद्यालय

..................................।

विषयः शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने स्वीकृति दिइएको सम्बन्धमा ।

त्यस विद्यालयले मिति...................... मा शैक्षिक गुठी सार्वजनिकरनिजी ) अन्तर्गत सञ्चालन गर्ने स्वीकृतिको लागि दिएको निवेदन उपर कारवाही हुँदा यस कार्यालयरमन्त्रालयको मिति ................... को निर्णयानुसार त्यस विद्यालयलाई शैक्षिक गुठी सार्वजनिकरनिजी ) को रूपमा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ ।

कार्यालयको छापः स्वीकृति प्रदान गर्ने अधिकारीको,-

सहीः

नामः

पदः

कार्यालयः

मितिः

## अनुसूची– ९

### दफा ४८ को उपदफा १) सँग सम्बन्धित)

प्रारम्भिक बाल शिक्षा वा नर्सरी केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री....................गाँउकार्यपालिका वा वडा नं........ को कार्यालय

विषयः प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदायरविद्यालय व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेस गरेको छुरछौं ।

क) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको,-

१) नामः

२) ठेगानाः............................ वडा नं. ........................ नगर वा टोल....................
फोन नं.........

३) सेवा पुर्‍याइने बालबालिकाको संख्याः

ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने विद्यालयको,-

१) नामः– २) ठेगानाः– ३) फोन नंः

ग) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारहरूः

१) भवनः अ) कोठा आ) कच्ची वा पक्की
इ) के ले बनेको ई) भाडारआफ्नैरसार्वजनिक

२) फर्निचरको विवरणः अ) मेचः आ) टेवुलः इ) वेञ्चरडेस्कः

३) खेलकुद मैदान र त्यसको क्षेत्रफलःअ) आफ्नै आ) भाडामा वा सार्वजनिक इ) अन्य

४) शौचालयको अवस्थाः अ) सङ्ख्या आ) कच्चीरपक्की
इ) पानीको व्यवस्था भए नभएको

५) खानेपानीको अवस्थाः अ) बोकेर ल्याउने आ) धाराबाट प्राप्त इ) पर्याप्त/अपर्याप्त

६) पाठ्यसामग्रीको नाम र संख्याः अ) आ) इ)

७) आर्थिक विवरणःअ) अचल सम्पत्ति आ) चल सम्पत्ति इ) अन्य

८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ ,झुट्टा ठहरे कानून बमोजिम सहुँलारबुझाउँला ।

निवेदकको,-

संस्थाको छाप सहीः नामः– ठेगानाः

मितिः–

संलग्न कागजातः

१)भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र दफाानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

४) कुनै विद्यालयसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

**अनुसूची– १०**

**दफा ४८ को उपदफा २) सँग सम्बन्धित)**

प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री.................नगर कार्यपालिकार कार्यपालिकाको कार्यालय

............................... ।

श्री.............................

....................................

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइएको अनुमति

तपाईंलेत्यस विद्यालयरसंस्थाले प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस ............. नगर कार्यपालिकार कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा ऐन, ।।।।।।।। समेतको पूर्वाधार पूरा गरेको र यस नगर कार्यपालिकार कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएकोछ ।

अनुमति प्रदान गर्ने अधिकारीको,-

कार्यालयको छाप

सहीः

नामः

पदः

मितिः

## अनुसूची– ११

**दफा ५७ को उपदफा ४) सँग सम्बन्धित)**

विद्यालय विकास प्रस्तावको नमुना

ज्ञ। विद्यालयलको वर्तमान शैक्षिक र आर्थिक अवस्थाः

द्द। विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धि ःः

घ। वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर ःः

ढ्ढ। अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना ःः

छ। कार्य योजनाका मूल्याङ्कनका सूचकहरू ःः

## अनुसूची – १२

**दफा ५६ उपदफा २) सँग सम्बन्धित)**

विद्यालयमा रहने शिक्षक दरबन्दी

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन्

क) प्रारम्भिक बाल शिक्षा वा नर्सरी देखि पाँच कक्षा सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा तीन जना र सोभन्दा बढी बिद्यार्थी भएमा कम्तीमा चार जना शिक्षक ।

ख) आधारभूत तहको विद्यालयमाः प्रारम्भिक बाल शिक्षा वा नर्सरी देखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षकः

१) अंग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना

२) विज्ञान वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना

३) नेपाली वा संस्कृत मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना

४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना

५) प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको चार जना

६) साविकको एस.एल. सी. वा सो सरह उत्तीर्ण गरेको एक जना ।

ग) माध्यमिक विद्यालयमाः

१. नौं कक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको पाँच जना शिक्षकः–

१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

२) गणित वा विज्ञान मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना ।

२. नौं कक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक ःः

१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

२) गणित मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना

५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको दुईजना

६) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना

७) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको दुईजना ।

३. प्रारम्भिक बाल शिक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड ख) र खण्ड ग) को उपखण्ड १) बमोजिमको दरबन्दी रहनेछ ।

४. प्रारम्भिक बाल शिक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड ख) र खण्ड ग) को क्रमसङ्ख्या २) बमोजिमको दरबन्दी रहनेछ ।

द्रष्टव्यः१) खण्ड ख) को क्रमसङ्ख्या १) देखि ४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

२) खण्ड ग) को उपखण्ड १ को क्रमसङ्ख्या १) देखि ४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

३) खण्ड ग) को उपखण्ड २ को क्रमसङ्ख्या १) देखि ७) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

४) शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालीम प्रचलित कानून बमोजिम हुनेछ ।

५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयका योग्यता भन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकबाट अध्यापन हुने ।

६) उल्लिखित दरबन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ ।

## अनुसूची– १३
## दफा ७१ को उपदफा १) सँग सम्बन्धित)

सरुवा हुन दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत, ज्यु
........................नगरपालिका
.......................... ।

विषयः सरुवा सम्बन्धमा ।

मलाई निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम, थरः
स्थायी ठेगानाः
तह र श्रेणीः
हालको विद्यालयको नाम र ठेगानाः
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगानाः
योग्यता र तालीमः
स्थायी नियुक्ति मितिः
हालको जिल्लामा काम गरेको अवधिः
सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको–
सहीः
नामः
कार्यरत विद्यालयः
मितिः

१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति

क) यस विद्यालयका शिक्षक श्री ...................................... लाई व्यवस्थापन समितिको मिति .......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।

विद्यालयको छाप

व्यवस्थापन समितिको अध्यक्षको–
सहीः
नामः
विद्यालयः
मितिः

२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शाखाको सहमति

क) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ....................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

विद्यालयको छाप

व्यवस्थापन समितिको प्रमुखको–
सहीः
नामः
मितिः
विद्यालयः

ख)  .............................. विद्यालयका शिक्षक श्री .................................. लाई यस नगरपालिका वा को .............. विद्यालयमा  सरुवा भई आउन सहमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
सहीः
नामः

कार्यालयको छाप   मिति